National Society for Earthquake Technology-Nepal (NSET)

American Red Cross

Nepal Red Cross Society

# विद्यालयहरूका निमित्त
# विपद् पूर्वतयारी एवं पूर्व-अभ्यास
## हाते पुस्तिका

Handbook for Disaster Preparedness and Drill in Schools



# विद्यालयहरुको निमित्त
# विपद् पूर्वतयारी एवं पूर्व-अभ्यास
## हाते पुस्तिका

**लेखन तथा संयोजन**
नारायण प्रसाद मरासिनी
सूर्य नारायण श्रेष्ठ
रञ्जन ढुंगेल
तीर्थराज जोशी

**पुनरावलोकन र सुझाव**
आमोदमणि दीक्षित
खड्ग सेन ओली
पिताम्बर अर्याल

**चित्र तथा ग्राफिक्स**
चन्दन ध्वज राना मगर

**प्रथम संस्करण**
२०६७ (सन् २०११)
**दोस्रो संस्करण**
३,००० प्रति, मंसिर २०७० (डिसेम्बर २०१३)

यो हाते पुस्तिका भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल तथा नेपाल रेडक्रस सोसाइटीद्वारा संयुक्त रुपमा सञ्चालित “विद्यालय सुरक्षाका लागि विपद् पूर्वतयारी कार्यक्रम” अन्तर्गत अमेरिकी रेडक्रसको सहयोगमा प्रकाशित गरिएको हो ।

# दुई शब्द

नेपाल विपद् जोखिमका दृष्टिले अत्यन्त संवेदनशील क्षेत्रमा पर्दछ, त्यसमा पनि भूकम्पीय जोखिम अति उच्च रहेको छ । विभिन्न प्राकृतिक विपद्हरुबाट नेपालमा वर्षेनी पुग नपुग एक हजार व्यक्तिको मृत्यु हुने र अरबौं रुपैयाँको नोक्सानी हुने गरेका छन् । विपद् जोखिमको न्यूनीकरणका लागि देशमा ज्ञान, सीप तथा प्रविधि द्रुतगतिमा फैलाउनु अत्यावश्यक छ । जहाँ संकटासन्नता छ अथवा अज्ञान छ त्यहीं अत्यधिकमात्रामा ज्ञान फैलाउनु आवश्यक छ, र ज्ञानलाई आत्मसात गराउनका लागि पूर्व-अभ्यास गर्नु आवश्यक छ । विशेषगरी अति जोखिम क्षेत्रमा रहेका विद्यालयका विद्यार्थीहरुलाई यो ज्ञान दिन सकियो भने उनीहरुले यस ज्ञानलाई आत्मसात गर्नेछन् । विद्यालय मार्फत जोखिम न्यूनीकरण अति प्रभावकारी हुन्छ भन्ने कुरा पनि विश्वव्यापीरुपमा प्रतिपादित भइसकेको छ । जोखिम न्यूनीकरणको ज्ञान विद्यार्थी तथा शिक्षक मार्फत परिवारमा जाने र परिवार मार्फत समुदायमा सहजै फैलन्छ ।

विद्यालयमा आधारित विपद् व्यवस्थापन र विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरु नेपालमा विगतका वर्षहरुदेखिनै गरिएको छ र यसकार्यमा निकै सफलता पनि हासिल गर्न सकिएको छ । यस्ता कार्य नेपालका अन्य निकायहरुका साथै नेपाल रेडक्रस सोसाइटी तथा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपालले पनि विभिन्न संघ-संस्था तथा निकायहरुसँग मिलेर गरेको तथ्य सर्वविदित नै छ ।

यो पुस्तिका पनि विपद् जोखिम न्यूनीकरणको सार्वत्रिक प्रयासमा ज्ञान फैलाई सक्षमता अभिवृद्धि गर्ने तर्फ लक्षित रहेको छ । यसमा विद्यालयहरुको विपद व्यवस्थापन योजना, विद्यालयका लागि विपद् पूर्वतयारी योजना तथा विपद्को समयमा विद्यालयमा कसरी प्रतिकार्य गर्ने भन्ने कुरा क्रमबद्धरुपमा प्रकाश पार्नुका साथै, विद्यालयहरुले कसरी योजना बनाउने तथा कसरी पूर्व-अभ्यास गर्ने र यसका लागि के कस्ता सामग्री आवश्यक छन, शिक्षक तथा विद्यार्थीहरुको के के अभिभारा हुन्छ भन्ने बारेमा जानकारी दिइएको छ ।

यो हाते पुस्तिका भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल र नेपाल रेडक्रस सोसाइटीको संयुक्त पहलमा सन् २००९ देखि संयुक्तरुपमा संचालित “विद्यालय सुरक्षाका लागि विपद् पूर्वतयारी” कार्यक्रम अन्तर्गत तयार गरी प्रकाशन गरिएको हो । यो हाते पुस्तिका बनाउनमा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपालले १९९६ देखि हालसम्मको विद्यालय भूकम्प सुरक्षा कार्यक्रमको सिलसिलामा सिकेका प्रयासहरु तथा अनुभवहरुलाई प्रतिबिम्वित गरिएको छ ।

यो पुस्तिकाले विश्वभर विद्यालयमा प्रकोप पूर्वतयारीका लागि सिकाइने ज्ञान र प्रविधिलाई नेपाली परिवेशमा रुपान्तरण गरेको छ । नेपालका विद्यालयहरुमा जोखिम व्यवस्थापन पूर्वाभ्यास, प्रकोप व्यवस्थापन तथा पूर्वतयारीका योजनाहरु बनाउन र लागू गर्न सकियोस् भन्ने नै छ । सकभर धेरै नेपाली विद्यार्थी तथा शिक्षकहरुले बुझी त्यस ज्ञानलाई आत्मसात गर्न सकून र नेपालबाट भूकम्प लगायत अन्य प्रकोपका जोखिमहरुलाई न्यूनीकरण गर्ने कार्यमा यो पुस्तिकाबाट पनि मद्दत पुग्नेछ भन्ने आशा गरिएको छ । यो पुस्तिकाको प्रयोगबाट विद्यालयहरुमा भूकम्पीय पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई पूर्वाभ्यास गरी उक्त ज्ञानलाई सबै विद्यार्थीहरुले आत्मसात गर्न सकुन् र भूकम्पीय जोखिम न्यूनीकरणका कार्यमा मद्दत पुग्ने आशा गरिएको हो ।

आमोद मणि दीक्षित
कार्यकारी निर्देशक एवं महासचिव
भूकम्प प्रविधि राष्ट्रिय समााज-नेपाल (NSET)

# NEPAL RED CROSS SOCIETY
## National Headquarters

*Ref. No.*


## दुई शब्द

नेपाल रेडक्रस सोसाइटी वि.स.२०२० सालमा स्थापना भए देखि नै मानवीय सेवाका कार्यमा निरन्तर अगाडी बढिरहेको विदितै छ । संकटासन्नता कम गर्ने तथा मानवीय पीडामा तत्काल राहत प्रदान गर्ने ध्येयका साथ सोसाइटीले आफ्ना सेवा तथा विकासमूलक कार्यलाई विस्तार गर्दै विपद् व्यवस्थापन, स्वास्थ्य सेवा, जुनियर/युवा रेडक्रस, सङ्गठन विकास, सामुदायिक विकास र सूचना सञ्चार तथा मानवीय मूल्य र मान्यताको प्रबर्द्धन जस्ता क्षेत्रहरुमा कार्यक्रम र गतिविधिहरु देशभर सञ्चालन गर्न सफल भएको छ । नेपालका ७५ वटै जिल्लामा जिल्ला शाखाहरु, १३०६ उपशाखाहरु र ४९६६ जुनियर/युवा रेडक्रस सर्कलहरु रहेको यस सोसाइटीमा ११,५०,००० व्यक्ति स्वयमसेवक तथा सदस्यका रुपमा आवद्ध रहेका छन् ।

सोसाइटीका कार्यक्रमहरु मध्ये प्रमुख कार्यको रूपमा सञ्चालन हुदै आइरहेको विपद् व्यवस्थापन अन्तर्गत विपद् जोखिम न्यूनीकरण, उद्दार/राहत र प्रत्यूवलब्धी कार्यलाई प्राथमिकता दिई कार्य गर्दै आएको छ । शुरुवातको क्रममा राहत कार्यलाई प्रमुख प्राथमिकता दिई गतिबिधिहरु सञ्चालन गर्दै आइरहेकोमा विश्वको बदलिदो परिवेश अनुरूप क्रमिक रूपमा पुर्वतयारी हुदै हाल विश्वब्यापी मान्यता अनुरूप एकीकृत विपद् जोखिम न्यूनीकरणको अवधारणालाई अवलम्बन गर्दै समुदायस्तरसम्म सेवा कार्यको बिस्तार गर्न सफल भएको छ । यी सबै प्रकारका कार्यले समुदायको संकटासन्नता हटाउने मुख्य लक्ष लिएको छ ।

नेपाल विपद्को दृष्टिकोणले निकै जोखिममा रहेको तथ्य विदितै छ । नेपालका विद्यालयको अवस्था त झन जोखिम पूर्ण रहेकोछ । विपद्का ठूला ठूला घटनाहरुले समेत के पुष्टि गरेको छ भने विद्यालय समयमा गएका विपद्ले ठूलो मानवीय क्षति विद्यालयमा नै भएको छ । यस अवस्थालाई मध्यनजर गर्दै विद्यालय तथा समुदायको विपद् पूर्वतयारी चेतना अभिवृद्धि गर्न तथा विपद् पूर्वतयारीलाई नेपालको शिक्षा प्रणालीमा स्थापित गर्नका लागि पहल गर्ने उद्देश्यका साथ यस सोसाइटी र भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालद्वारा अमेरिकन रेडक्रसको आर्थिक सहयोगमा जनवरी २०१० देखि "विद्यालय सुरक्षाका लागि विपद् पूर्वतयारी कार्यक्रम" सञ्चालन गर्दै आएको छ ।

उक्त कार्यक्रमअन्तर्गत विद्यालयस्तरमा कसरी विपद् पूर्वतयारी अभ्यास गर्ने भन्ने विषयमा सहयोग पुगोस भन्ने उद्देश्यले भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल र नेपाल रेडक्रस सोसाइटीद्वारा संयुक्त रूपमा **"विपद् पूर्वतयारी अभ्यास हाते पुस्तक"** प्रकाशन गर्न लागिएको छ । उक्त पुस्तक कार्यक्रम अन्तर्गत नुवाकोट र भक्तपुर जिल्लाका विद्यालयहरुमा गरिएका विपद् पूर्वतयारी अभ्यास (Drill-Simulation) बाट आएका सुझावलाई समेत समेटेर तयार गरिएको छ । यस पुस्तकलाई विभिन्न चरणमा छलफल गरी अन्तिम रूप दिन कार्यक्रम सञ्चालित नुवाकोट तथा भक्तपुर जिल्लाका विद्यालयका शिक्षकहरु, जिल्ला शाखाका पदाधिकारी तथा सदस्यहरु, कार्यक्रममा कार्यरत कर्मचारीहरुको योगदान प्राप्त भएको छ ।

अन्तमा यस **"विपद् पूर्वतयारी अभ्यास हाते पुस्तक"** को प्रकाशनले नेपाल रेडक्रस सोसाइटी, भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल र नेपालमा रहेका सम्पूर्ण विद्यालयहरु तथा यस क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुलाई विद्यालयस्तरमा पूर्वतयारी अभ्यास (Drill-Simulation) गर्न स्पष्ट मार्ग निर्देशन मिल्नेछ भन्ने आशा लिएको छ ।

मितिः २०६७/९/८

देवरत्न धाख्वा
महामन्त्री


**Address: P. O. Box No.-217, Red Cross Marga, Kalimati, Kathmandu, Nepal**
Phone: +977-1-4270650, 4270761, 4272761 Fax : +977-1- 4271915 Email: nrcs@nrcs.org Web site: www.nrcs.org

# प्राक्कथन

नेपाल विपद्को दृष्टिकोणले अत्यन्तै संवेदनशील क्षेत्रमा पर्दछ । वर्षेनी भइरहने बाढी, पहिरो, आगलागी, महामारी तथा लामो अन्तरालमा जाने तर विध्वंस मच्चाउने भूकम्प जस्ता विपद्हरु नेपालको लागि ठूला विपद् निम्त्याउने प्रकोपहरु हुन् । प्राकृतिक प्रकोपहरु मानव नियन्त्रण भन्दा बाहिरका हुने भए पनि प्रकोपका घटनाहरुबाट हुने ठूलो धनजनको क्षतिलाई भने रोक्न, घटाउन सकिन्छ । तर पर्याप्त जनचेतना र पूर्वतयारीको कमीले गर्दा कैयौं प्रकोपका घटनाहरुबाट ठूलो विपद् सृजना हुने गरेको छ । बाढी पहिरो जस्ता विपद्हरुले हरेक वर्षायाममा सयौं जीवन र करोडौंको सम्पत्ति गुमाउन बाध्य हुनु परिरहेको छ भने कुनै पूर्व संकेत विना अनायासै आउने भूकम्पले विगतमा अथाह जीउ-धनको नोक्सानी भइसकेको छ । मानिसले वर्षौं लगाएर गरेको भौतिक विकास, निर्माण केही सेकेण्ड वा मिनेटभरको भूकम्पले धराशायी बनाइ दिन सक्छ । विश्वका विभिन्न मुलुकहरुमा विगतमा पटक पटक गएका भूकम्पहरुले त्यस्तो हृदय-विदारक दृश्य देखाइसकेको छ । विगतका विपद्हरुबाट बारम्बार देखिने गरेको तथ्य के हो भने सामान्य पूर्व सावधानी र पूर्वतयारी अपनाएको खण्डमा यस्ता प्रकोपका घटनाहरुमा हुने अपार जनधनको क्षतिलाई धेरै हदसम्म घटाउन सकिन्छ । विश्वका कतिपय मुलुकहरुले पूर्वतयारीका उपायहरु अपनाई विपद्बाट हुन सक्ने अपार धनजनको क्षतिबाट आफूलाई सुरक्षित राखेका छन् ।

यसै तथ्यलाई मनन् गरी भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल र नेपाल रेडक्रस सोसाइटीले विगत लामो समयदेखि विपद् जोखिम न्यूनीकरण कार्यक्रम अन्तर्गत विपद् पूर्वतयारी कार्यक्रमलाई एक महत्वपूर्ण अंगको रूपमा कार्यान्वयन गर्दै आइरहेका छन् । विपद् पूर्वतयारी कार्यक्रमलाई विभिन्न क्षेत्रमा लक्षित गरी कार्यान्वयन गर्दै आइरहेको परिप्रेक्ष्यमा विद्यालयलाई लक्षित गरी कार्यान्वयन गरिएका कार्यक्रम वढी प्रभावकारी भएको अनुभव यी दुवै संस्थाको रहिआएको छ ।

यसरी विद्यालय लक्षित कार्यक्रम प्रभावकारी हुनुमा समुदायमा विद्यालयको अत्यन्त उँचो र सम्मानित स्थान रहनु तथा विद्यालयबाट समुदायमा सजिलै महत्वपूर्ण सूचना एवं ज्ञान प्रवाहित हुन सक्नु प्रमुख कारक हो । संसारभरमा र नेपालमा पनि स्थानीय समुदायको विद्यालयप्रति र विद्यालयको स्थानीय समुदायप्रति ठूलो दायित्व रहेको मानिन्छ । विद्यालय समाजको सम्पत्ति भएकोले त्यसलाई संरक्षण

गर्नु समाजको कर्तव्य मानिन्छ । अर्कोतिर विपद् जस्तो ठूलो मानवीय संकटको बेलामा विद्यालयहरुले मानवीय सेवामा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् । विपद्‌को तत्काल पछि राहत तथा उद्धारको अत्यन्त महत्वपूर्ण कार्यमा विद्यालयको सक्षम जनशक्तिलाई परिचालन गरी विद्यालय एवं समुदायमा हुन सक्ने ठूलो क्षतिलाई कम गर्न सकिन्छ । यतिमात्र होइन, विद्यार्थीहरु भनेका सूचना र ज्ञानका सशक्त संवाहक पनि हुन् । उनीहरुले पाएको उपयोगी सूचना र ज्ञान उनीहरुको परिवारसम्म सहजै पुग्दछ र परिवार मार्फत सिङ्गै समुदाय ती सूचना र ज्ञानबाट लाभान्वित हुन सक्दछ । त्यसैले विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीको विषयमा विद्यार्थीहरुलाई सजग, सचेत र सक्षम बनाउनु सिंगै समुदायलाई सुरक्षित बनाउनु हो । यसै तथ्यलाई आत्मसात् गरी भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट), नेपाल रेडक्रस सोसाइटी जस्ता संस्थाहरुले विद्यालयमा आधारित विपद् जोखिम न्यूनीकरण कार्यक्रमहरु संचालन गरेका हुन् ।

अहिलेसम्म विभिन्न संस्थाहरुले विपद् पूर्वतयारी कार्यक्रम आ-आफ्नै तरिकाले कार्यान्वयन गर्दै आइरहेका छन । सारमा कार्यक्रमको लक्ष्य एउटै भएपनि कार्यान्वयन गर्ने तौरतरिकामा भिन्नता छ । यसरी लक्ष्य एउटै हुँदाहुँदै पनि कार्यान्वयन गर्ने प्रक्रियामा हुने भिन्नताले यदाकदा विद्यालयमा अन्यौलता पनि देखिने गरेको छ । यस्तो भिन्नतालाई सकेसम्म कम गर्न सकियोस् र पूर्वतयारीमा एकरुपता ल्याउन सकियोस् अनि विद्यालयहरुमा जोखिमको लेखाजोखा गर्ने, विपद् पूर्वतयारी योजना बनाउने, कार्यान्वयन गर्ने तथा आवधिक अभ्यास गर्ने कार्यमा सघाउ पुऱ्याउन सकियोस् भन्ने उद्देश्यले यो हाते पुस्तिका तयार परिएको हो । यस पुस्तिकामा दुवै संस्थाको आ-आफ्नो अनुभव, अन्य संस्थाहरुका प्रक्रिया तथा अन्तर्राष्ट्रिय अभ्यासलाई पनि समेट्दै सबैको साझा निर्देशिकाको रूपमा प्रकाशित गर्ने जमर्को गरिएको छ । यसको प्रकाशन र वितरणले विद्यालय स्तरमा एकैखालको विपद् पूर्वतयारी योजना तर्जुमा गरी आवधिक अभ्यास गर्न सहयोग पुऱ्याउने पनि विश्वास लिइएको छ ।

विद्यालय मार्फत स्थानीय समुदायमा प्रभाव पर्ने हुनाले विद्यालयले अपनाएको विपद् पूर्वतयारी प्रविधि सर्वसाधारणले पनि अनुकरण गर्नेछन् जसबाट क्रमैसँग आम समुदायले विपद्‌बाट सुरक्षित हुने सीपहरु सिक्नेछन् र तिनको प्रयोगबाट हाम्रा विद्यालय एवं समुदायहरु क्रमिकरुपमा विपद्‌को जोखिमबाट सुरक्षित हुँदै जानेछन् भन्ने विश्वास लिइएको छ । यो हाते-पुस्तिका अमेरिकी रेडक्रसको आर्थिक सहयोगमा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट) र नेपाल रेडक्रस सोसाइटीद्वारा संयुक्त रूपमा सञ्चालित “विद्यालय सुरक्षाका लागि विपद् पूर्वतयारी

कार्यक्रम” अन्तर्गत प्रकाशित गरिएको हो । यस पुस्तिकाको तयारी एवं प्रकाशनको निमित्त उत्प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण विद्यालय शिक्षक एवं विद्यार्थी वर्गमा हामी आभार व्यक्त गर्न चाहन्छौं । यस पुस्तिकालाई भविष्यमा अझ परिमार्जित रुपमा प्रकाशन गर्नको निमित्त सबै पाठक महानुभावहरुबाट महत्वपूर्ण सुझाव एवं सल्लाह प्राप्त हुनेछन् भन्ने अपेक्षा पनि हामी व्यक्त गर्न चाहन्छौं ।

# विषय सूची


प्राक्कथन ........ ६

यस पुस्तिकाको बारेमा ........ ११

खण्ड – क: विपद् पूर्वतयारी योजना तर्जुमा ........ १३

१. विद्यालय विपद् पूर्वतयारी योजना (School Disaster Preparedness Plan) ........ १३

२. पूर्वतयारी योजना तर्जुमाको निमित्त विद्यालयमा गर्नु पर्ने प्रारम्भिक कार्य ........ १५

३. पूर्वतयारी योजनाका अंगहरु एवं निर्माण प्रक्रिया ........ १५

३.१ विपद् पूर्वतयारी एवं आपत्कालीन संयोजन समिति Disaster Preparedness and Emergency Cordination Committee (DiPECC) ........ १५

३.२ विद्यालय एवं वरपरको वातावरणको लेखाजोखा तथा आपत्कालिन स्थानान्तरण योजना (Emergency Evacuation Plan) ........ १६

३.३ विपद्को अवस्थामा गर्नुपर्ने मुख्य कार्यहरु तथा तिनीहरुका लागि योजना ........ २२

३.४ जिम्मेवारी बाँडफाँड, कार्यान्वयन, पुरावलोकन तथा योजना आवधिकीकरण ........ २९

३.५ कार्य विभाजन तथा जिम्मेवारी ........ ३२

३.६ विद्यालयको विपद् पूर्वतयारी योजनाको बारेमा समुदाय तथा बाहिरी पक्षहरुलाई अवगत गराउने तथा सबैको सहयोग लिने ........ ३३

खण्ड ख: विभिन्न विपद् घटनाहरुका लागि गर्नुपर्ने र गर्न नहुने कार्यहरु ........ ३४

१. भूकम्प : ........ ३४

२. आगलागी : ........ ३९

३. बाढी : ........ ४२

४. पहिरो : ........ ४४

५. महामारीः ........ ४६

खण्ड - ग: विपद् पूर्वतयारी अभ्यास (Disaster Preparedness Drill).. ४८
१. उद्देश्य ........ ४८
२. पूर्व-अभ्यास संयोजन टोली ........ ४८
३. पूर्व-अभ्यास गर्नुभन्दा पहिले गरिसक्नुपर्ने कार्यहरु........ ४९
४. अभ्यासका लागि गर्नुपर्ने तयारीहरु ........ ४९
५. पूर्व-अभ्यासको संचालन ........ ५४
६. भूकम्पीय पूर्व-अभ्यास (Earthquake Drill) को लागि आवश्यक जानकारी एवं प्रक्रियाहरु........ ५७

अनुसूची ........ ६०
अनूसुची १: सुरक्षित स्थानको पहिचान ........ ६०
अनूसुची २: गैरसंरचनात्मक जोखिमको मूल्याय्न फाराम........ ६१
अनूसुची ३: स्थानान्तरण नक्शाका नमूनाहरु ........ ६२
अनूसुची ४: शिक्षक, कर्मचारीहरुको घरको वा अन्य आपत्कालीन सम्पर्क व्यक्तिहरुको विस्तृत विवरण फाराम........ ६४
अनूसुची ५: सम्पर्क व्यक्तिहरुको नामावली........ ६७
अनूसुची ६: विद्यार्थीका अभिभावक एवं आपत्कालीन सम्पर्क व्यक्तिहरुको विस्तृत विवरण फाराम ........ ६९
अनूसुची ७: विभिन्न संघ संस्थाहरुको सम्पर्क विवरण ........ ७०
अनूसुची ८: आपत्कालीन सम्पर्क नम्बरहरु ........ ७१
अनूसुची ९: अभिभावकलाई विद्यार्थी जिम्मा लगाइएको अभिलेख........ ७२
अनूसुची १०: संकटकालीन अभ्यास तालिका........ ७३
अनूसुची ११: संकटकालीन प्रतिकार्य फोटो चित्र ........ ७७
अनूसुची १२: घाइते तथा हराएका व्यक्तिहरुको सूचीकरण........ ८०
अनूसुची १३: नजिक वा छिमेकमा भएका श्रोत साधनको अभिलेख फाराम........ ८१
अनूसुची १४: कर्मचारीको विशेष दक्षता तथा उपकरणहरु........ ८२
अनूसुची १५: विद्यार्थीलाई अभिभावकको जिम्मा लगाइएको अभिलेख फाराम........ ८३
अनूसुची १६: विपद् पूर्वतयारी अभ्यास कार्यतालिका ........ ८४

# यस पुस्तिकाको बारेमा

## यस पुस्तिकाको उद्देश्य

यस पुस्तिकाको मूल उद्देश्य विद्यालय विपद् पूर्वतयारी योजना तयार गरी त्यस योजना अनुसार अभ्यास गर्न चाहिने ज्ञान र सीपको अभिवृद्धि गर्न सहयोग पुऱ्याउनु हो । यस पुस्तिकाको अध्ययन र उपयोगले विद्यालयमा विपद् पूर्वतयारी योजनामा एकरुपता ल्याई विपद्को पूर्वतयारी र त्यसको आवधिक अभ्यास कार्य शिक्षक र विद्यार्थी मिली आफै गर्नसक्ने सक्षमता प्राप्त हुनेछ । समग्र रुपमा यस हाते पुस्तिकाले निम्न उद्देश्य लिएको छः

- संभावित आपत्कालिन अवस्थामा विद्यालय परिवारको सुरक्षा सुनिश्चितताको लागि सहयोग गर्नु ।
- विपद् भैहालेमा विद्यार्थी तथा कर्मचारीहरुको मानवीय क्षति तथा घाइतेहरुको संख्या धेरै हदसम्म न्यून राख्ने कार्यहरु सिकाउनु ।
- भविष्यमा आउने विपद्को संभाव्य पूर्व सूचना प्रणालीको बारेमा जानकारी गराउनु ।
- विपद् भईहालेमा श्रोत तथा साधनको अधिकतम परिचालन गर्न सक्ने बनाउनु ।
- अभिभावकहरुलाई विद्यार्थी जिम्मा नलगाउँदा सम्मको लागि चाहिने प्रभावकारी र चुस्त योजना तयार गरी बेलाबेलामा अभ्यास गर्न सिकाउनु ।

## यो कसका लागि

यो हाते पुस्तिका विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, शिक्षक तथा विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित पेशाकर्मीहरुलाई लक्षित गरी प्रकाशित गरिएको हो । यसबाट आवश्यक ज्ञान सबै समूहले लिन सक्दछन् । तर अभ्यास गर्दा यस विषयवस्तुमा तालिम प्राप्त व्यक्तिको अगुवाई हुनु आवश्यक छ । त्यसै गरी खोज तथा उद्धार टोली गठन र परिचालन गर्दा पनि तत्सम्बन्धी तालिम प्राप्त व्यक्तिहरु हुनु अनिवार्य छ । सही अभ्यास र विपद्को दौरान सफल कार्यान्वयनको लागि पुस्तिकामा उल्लेख सबै प्रक्रिया गर्नु गराउनु पर्नेछ ।

## पुस्तिकाको प्रयोग कसरी गर्ने


यो पुस्तिका तीन भागमा विभाजित छ । पहिलो भागमा पूर्वतयारी योजना तर्जुमा गर्ने तरिका र दोश्रो भागमा विभिन्न खाले प्रकोप घटनाहरुको समयमा गर्नु पर्ने र गर्नु नहुने सुरक्षित र असुरक्षित व्यवहार तथा तेश्रो भागमा आवधिक अभ्यास गर्ने तरिका उल्लेख छ । पहिलो भागले अभ्यास पूर्व गर्नु पर्ने तयारीको बारेमा विस्तृत ज्ञान दिनेछ भने तेश्रो भागले प्रक्रियागत हिसाबले अभ्यास गर्ने तौर-तरीकाको जानकारी दिनेछ । त्यसै गरी अभ्यास गर्दा भेटिएका योजनाका कमी कमजोरीलाई सुधार्दै लैजानुपर्ने कुराबारे पनि यस पुस्तिकामा उल्लेख छ । यस पुस्तिकाको अध्ययनपछि विपद् पूर्वतयारी योजना तर्जुमा गर्न र आवधिक अभ्यास संञ्चालन गर्न ठूलो सहयोग मिल्ने छ । पूर्वतयारी योजना तर्जुमा नगरी गरिने अभ्यासले आशातीत प्रतिफल दिंदैन भन्ने कुरा बुझ्न पनि यो पुस्तिकाले मद्दत गर्नेछ ।

# खण्ड - क: विपद् पूर्वतयारी योजना तर्जुमा

## १. विद्यालय विपद् पूर्वतयारी योजना (School Disaster Preparedness Plan)

सामाजिक र मानवीय जीवनका नियमित प्रक्रिया अवरुद्ध हुने गरी जनमानसमा त्रास र छिन्न भिन्नताको अवस्था सिर्जना गर्ने प्राकृतिक वा मानव सिर्जित घटना वा घटनाक्रमको अवस्था नै विपद्को अवस्था हो । यसलाई चलन चल्तीको भाषामा आपत्कालीन अवस्था पनि भनिन्छ। यस्तो समयमा एकै पटक धेरै मानिस प्रभावित हुन्छन् । ठूलो जनधनको क्षति हुन सक्दछ। यस्तो विपद् वा आपत्कालीन अवस्थामा सम्भावित क्षतिलाई सके सम्म कम गर्न कसले के गर्ने, कस्तो भूमिका निभाउने, कसरी गर्ने जस्ता कुराहरुमा पहिले नै ध्यान पुऱ्याई तयार पारिने योजना नै "विपद् पूर्वतयारी योजना" वा "आपत्कालीन पूर्वतयारी योजना" हो । आ-आफ्ना विद्यालयको निमित्त तयार पारिने यस्तो योजना नै विद्यालय विपद् पूर्वतयारी योजना हो ।

सबै विद्यालयको विपद् पूर्वतयारी योजना हुबहू एकै खालको हुनुपर्छ भन्ने छैन । हरेक विद्यालयको वस्तुस्थिति, शिक्षक-विद्यार्थीको संख्या, योग्यता, क्षमता, आदि बेग्ला-बेग्लै हुने भएकाले यस्तो योजना पनि भिन्न भिन्न किसिमको हुन सक्दछन् । तर विपद् पूर्वतयारीका मुख्य-मुख्य अंगहरु र निर्माण प्रक्रिया भने समान हुन्छन् । विपद् पूर्वतयारीका तिनै मुख्य-मुख्य अंगहरु वा योजना निर्माण प्रक्रियाको बारेमा यस खण्डमा व्याख्या गरिएको छ । यस पुस्तिकामा विपद् पूर्वतयारीका लागि सुझाइएका अंग एवं प्रक्रियाहरु प्रायः सम्पूर्ण विपद्हरुका लागि काम लाग्ने भएता पनि विशेष गरी भुईंचालोको विपद्लाई बढ्ता ध्यान दिइएको छ। अन्य प्रकोपहरुका निमित्त पनि यसै विपद् पूर्वतयारी योजनाको रुपरेखामा केही आवश्यक फेर बदल वा थपघट गरेर तयार गर्न सकिन्छ।




चित्र १: विद्यालय विपद् पूर्वतयारी योजनाका अंगहरु


## २. पूर्वतयारी योजना तर्जुमाको निमित्त विद्यालयमा गर्नु पर्ने प्रारम्भिक कार्य

विद्यालयको विपद् पूर्वतयारी योजना तर्जुमा गर्नको निमित्त सबैभन्दा पहिला विद्यालयमा एउटा जानकारी एवं अर्न्तक्रिया बैठकको आयोजना गर्नु पर्दछ । यस्तो बैठकमा विभिन्न प्रकोपको निमित्त विद्यालयको जोखिमको बारेमा छलफल गरी पूर्वतयारी योजनाको महत्वको विषयमा सबैलाई अवगत गराउनु पर्दछ । यस्तो बैठक विद्यालयका सम्पूर्ण शिक्षकहरु, कर्मचारीहरु, हरेक कक्षाबाट छानिएका विद्यार्थी वा मनिटरहरु, व्यवस्थापन समितिका सदस्यहरु र अभिभावकहरु समेतको सहभागितामा गर्नुपर्दछ । विभिन्न प्रकोपसंग सम्बन्धित विज्ञहरुबाट विस्तारमा ज्ञान सिक्ने कार्यक्रम पनि यस्तो बैठकमा राख्न सके झनै राम्रो हुन्छ । बैठकको तयारी बारे खबरको आदान प्रदान गर्ने कार्य प्रधानाध्यापक वा तोकिएको व्यक्तिहरुले गर्नु पर्दछ । यस्तो बैठक आवश्यकता अनुसार धेरै पटक पनि गर्न सकिन्छ । पूर्वतयारी योजनाको आवधिकीकरणका लागि भने वर्षमा कम्तिमा पनि एक पटक अनिवार्य रुपमा गर्ने व्यवस्था गर्नु राम्रो हुन्छ ।

## ३. पूर्वतयारी योजनाका अंगहरु एवं निर्माण प्रक्रिया

### ३.१ **विपद् पूर्वतयारी एवं आपत्कालीन संयोजन समिति** Disaster Preparedness and Emergency Cordination Committee (DiPECC)

माथि बूँदा २ मा उल्लेख गरिए अनुसारको बैठकबाट विद्यालयको विपद् पूर्वतयारी योजना बनाउन र आपत्कालीन अवस्थामा समन्वय गर्न एउटा "विद्यालय विपद् जोखिम व्यवस्थापन समिति" (School Disaster Risk Management Committee) को गठन गर्नुपर्दछ । यस्तो समिति आवश्यकता अनुसार ५, ७ वा अझ केही बढी सदस्यीय हुन सक्दछ । यस्तो समितिलाई सकेसम्म प्रधानाध्यापक वा सहायक प्रधानाध्यापकले नै नेतृत्व गर्नुपर्दछ । समितिमा केही शिक्षक, कर्मचारी र उपयुक्त भए विद्यार्थीहरुलाई समेत राख्नु पर्दछ ।



चित्र २: आपत्कालीन योजना तर्जुमा कार्यक्रम

यो समितिले विद्यालयमा विपद् पूर्वतयारीको कामलाई अगाडि बढाउने नेतृत्वदायी समितिको रुपमा काम गर्दछ । साथै यो समितिले विपद्को समयमा आपत्कालीन कार्य संयोजनलाई नेतृत्व प्रदान गर्ने काम पनि गर्दछ । यो समितिले विद्यालयमा विपद् पूर्वतयारीका निमित्त बाँडफाँड भएका जिम्मेवारी मुताबिक अन्य समिति, उपसमिति, टोली वा कार्यदललाई आवश्यक निर्देशन दिने, सुपरीबेक्षण गर्ने र समग्रतामा अनुगमन-मूल्यांकन गर्ने काम समेत गर्दछ । समितिको बैठक आवश्यकता अनुसार कम्तीमा तीन महीनामा एक पटक बस्ने व्यवस्था गर्नु पर्दछ ।

## ३.२ विद्यालय एवं वरपरको वातावरणको लेखाजोखा तथा आपत्कालिन स्थानान्तरण योजना (Emergency Evacuation Plan)

विद्यालयका कक्षा कोठाहरु, कार्यालय कोठाहरु लगायत अन्य स्थानहरु तथा बाहिरी वातावरणको समेत अवस्था विश्लेषण गरी जोखिमयुक्त एवं सुरक्षित स्थानहरु पहिचान गर्ने तथा सो अनुसार विपद्को समयको लागि सुरक्षित स्थानमा जाने, विद्याथीहरु लैजाने स्थानान्तरण योजना तयार पार्ने काम विपद् पूर्वतयारीको एक महत्वपूर्ण अंग हो । यस्तो योजना बनाउँदा विद्यालय परिसरभित्र भएको अवस्थामा गर्नु पर्ने आपत्कालिन क्रियाकलापको मात्र विश्लेषण नगरी सम्भव भए सम्म विद्यालय आउने जाने बाटो एवं घरमा

समेत गर्नु पर्ने सुरक्षाका तौर तरिका समेट्न सके अझ राम्रो हुन्छ । विद्यालय परिसरभित्र तथा वरपर रहेको सम्भाव्य जोखिम तथा तिनीहरुको अवस्थितिको साथै कुन क्षेत्र के का लागि प्रयोग गर्ने भन्ने निर्णय गरी नक्शांकन समेत गर्नु पर्दछ ।

## क) विद्यालय भवन एवं कक्षा कोठाहरुमा सुरक्षित स्थानको पहिचान

भूकम्पीय जोखिमको दृष्टिले कुरा गर्दा एउटै भवनमा पनि प्रत्येक कोठाभित्र तुलनात्मक रुपमा सुरक्षित र असुरक्षित स्थानहरु हुन सक्छन् । प्रायः जसो भवनको बाहिरको गारोहरु भित्र पट्टि रहेका गारोहरुभन्दा पहिलेनै ढल्ने संभावना बढी हुन्छ, त्यसैले बाहिरी गारोको नजिक भन्दा भित्री गारोको नजिकका भागहरु तुलनात्मक रुपमा सुरक्षित हुन्छन् । भूकम्प गइरहेको बेला सकेसम्म भऱ्याङको प्रयोग गर्नुहुँदैन । माथि उल्लेख गरिएका सुरक्षित र असुरक्षित स्थानहरुका अतिरिक्त कक्षा कोठाहरुमा डेस्कको मुन्तिर अनि कार्यालय कोठाहरुमा बलिया टेबुलहरुका मुन्तिरका स्थान सुरक्षित स्थानहरु हुन् । भुईंचालोको समयमा यस्ता स्थानहरुमा गई “घुँडा टेकी, गुँडुल्की, ओत लागी समात” को तरिका प्रयोग गर्न सकेको खण्डमा आफू सुरक्षित हुन सकिन्छ । त्यसैले कोठाहरुमा यस्ता सुरक्षित स्थानहरु कहाँ कहाँ छन् पहिले नै पत्ता लगाउनु पर्दछ । सुरक्षित र असुरक्षित स्थानको पहिचान गरी नक्शाङ्कन गरिराख्नु पर्छ । यस्तो नक्शाङ्कनको नमूना *अनुसूची - १* मा दिइएको छ ।

## ख) गैर संरचनात्मक संकटासन्नता लेखाजोखा

सामान्यतया गैर संरचनात्मक वस्तुहरु भूकम्पको हल्लाइका कारण भवनको साथमा हल्लने गर्दछन् । विद्यालयमा रहेका गैर-संरचनात्मक वस्तुहरुको पहिचान गरी जोखिम विश्लेषण गर्नुपर्दछ तथा आवश्यकतानुसार तिनीहरुलाई बलियो बनाउनु पर्दछ । यस्ता वस्तुहरु भवनको संरचनासँग राम्ररी बाँधेर नराखिएको खण्डमा सजिलै पल्टने, खस्ने गर्दछन् । यस्ता सामग्रीहरुले थप जोखिम बढाईरहेका हुन्छन् । तसर्थ यस्ता वस्तुहरुलाई भवनको संरचनासँग बलियो गरी बाँधेर राख्दा जोखिम कम हुने गर्दछ । गैरसंरचनात्मक सुरक्षाका केही तरिकाहरु तल चित्रहरुमा दिइएका छन् । गैर संरचनात्मक वस्तुहरुको पहिचान तथा जोखिम विश्लेषणको लागि तल दिइएको नमूना फाराम प्रयोग गर्न सकिन्छ ।

## ग) विद्यालय वरपरको जाँच एवं खुल्ला ठाउँको पहिचान

विपद् पूर्वतयारी तथा व्यवस्थापन कार्यको प्रभावकारिताको लागि विद्यालय वरपरको वातावरणमा रहेको संभाव्य जोखिमको पहिचान गरी त्यसबाट सुरक्षित रहन अपनाउनु पर्ने उपायहरु संकटकालीन योजनामा समावेश गर्न विद्यालय वरपरको जाँच गरिनुपर्दछ । यस प्रक्रियामा उल्लेखित जोखिमहरुको विश्लेषण हुनु पर्दछः

- बाढी आउन सक्ने संभाव्यता (ऐतिहासिक बाढीहरुको विवरण)
- पहिरो जान सक्ने संभावना
- भिरालो जमिनका कारण ढुङ्गा खसेर हुने क्षतिको संभावना
- ठूला तथा साना रुखहरु ढल्न सक्ने सम्भावना
- वरपर रहेका घर तथा संरचनाहरु भत्केर हुन सक्ने संभावित क्षति
- बिजुली, टेलिफोन तथा अन्य कुनै प्रकारका खम्बा, टावर र त्यस संगका तारबाट हुन सक्ने संभावित क्षति
- खुला ठाउँको अभावले गर्दा बढ्ने जोखिम
- नजिकैको बस्तीका कारण पर्न सक्ने सहज तथा असहज परिस्थिति आदि

माथिका अवस्था विश्लेषण गरी भुईंचालोको बेला विपद् ल्याउन सक्ने जोखिमको पहिचान गर्नुपर्दछ ।

यी वरपरका जोखिमहरुको जाँच विद्यालयको स्थानान्तरण योजनाको लागि अत्यन्त महत्वपूर्ण हुन्छन् ।

## घ) आपत्कालीन स्थानान्तरण योजना (Emergency Evacuation Plan)

भूकम्पको समयमा वा भूकम्पको तत्काल पछि कमजोर भवनहरु भत्किन सक्ने भएकोले भूकम्पको धक्का रोकिएपछि जति सकिन्छ चाँडो भवनहरुबाट बाहिर निस्कनु (Evacuation) पर्दछ । तर यसरी भवनबाट बाहिर निस्कदा समेत सुरक्षित तवरले निस्की बाहिरको सुरक्षित स्थानमा जम्मा हुनु पर्दछ । यसरी सुरक्षित रुपमा बाहिर निस्की सुरक्षित स्थानमा जानको लागि सघाउ





पुऱ्याउन र सबैलाई सुचित गर्न आपत्कालीन स्थानान्तरण योजना (Emergency Evacuation Plan) तयार पार्नु पर्दछ । यस्तो योजनामा कुन कोठामा रहेको शिक्षक विद्यार्थी कुन बाटो हुँदै कहाँ जम्मा हुने हो स्पष्टसँग देखाउनुपर्दछ । यसको लागि स्थानान्तरण नक्शा नै तयार पार्नु पर्दछ ।

स्थानान्तरण योजनामा दुई खालका नक्शाहरुको प्रयोग गर्नु पर्ने हुन्छ । एउटा नक्शामा विद्यालयमा भएका सम्पूर्ण कोठाहरुको नाप सहित झ्याल, ढोका भऱ्याङ्ग, फर्निचर, बिजुली लाइन तथा अन्य उपकरण समेत देखाइएको हुनु पर्दछ । यस्तो नक्शामा कोठा भित्रका सुरक्षित स्थानहरु, बाहिर निस्कने बाटोहरु प्रस्टसँग देखाउनु पर्दछ । प्रत्येक तलाका लागि छुट्टाछुट्टै नक्शाको प्रयोग गर्नु पर्दछ । अर्को नक्शामा विद्यालय भवन तथा परिसरभित्र भएका अन्य पूर्वाधारहरु तथा जोखिम जस्तै बाटो, फोन/बिजुलीका खम्बा, तारहरु, रुख बिरुवा, नजिकै रहेका खोलानाला, शौचालय, पानी ट्याङ्की, खुल्ला चौरहरु आदि प्रष्टसंग देखाइएको हुनुपर्दछ । यो नक्शामा कुन कक्षाकोठाबाट बाहिर निस्केका विद्यार्थीहरु कहाँ जम्मा हुने हो, घाइते विद्यार्थीहरुलाई कहाँ लगी प्राथमिक उपचार प्रदान गर्ने हो खाना खाजाको बन्दोबस्त कहाँ गर्ने हो, आपत्कालीन उद्धार सामग्रीहरु कहाँ राखिएका छन् इत्यादि देखाउनु पर्दछ । स्थानान्तरण नक्शाका नमूनाहरु अनुसूची ३ मा दिइएका छन् ।

यसरी तयार पारिएका नक्शाहरु प्रत्येक भवनका हरेक तलामा तथा अन्य उपयुक्त स्थानहरुमा टाँस्नु पर्दछ ताकि सामान्य अवस्थामै पनि र आपत् विपत्मा सबैले देख्न सकून् र त्यसै अनुसार सुरक्षित स्थानमा जान सकून् ।

### स्थानान्तरण नक्शामा प्रयोग गरिने चिन्हहरु

स्थानान्तरण नक्शामा प्रयोग गरिने चिन्हहरु सके सम्म सबैले बुझ्ने खालको हुनुपर्दछ । यस्ता चिन्हहरु सबै ठाउँमा एकै खालको प्रयोग भएको खण्डमा सबैलाई कुरा बुझ्न र बुझाउन सजिलो हुने भएकाले तलको तालिकामा केही चिन्हहरु देखाइएका छन् ।

| क्र.स. | विवरण | चिन्ह |
| --- | --- | --- |
| १ | भवन |  |
| २ | सडक पेटी |  |
| ३ | ढुंगा छापेको |  |
| ४ | मूल ढोका |  |
| ५ | ठूलो रुख |  |
| ६ | सडक बत्ती |  |
| ७ | इनार |  |
| ८ | विद्यार्थी संख्या |  |
| ९ | कालो पाटि |  |
| १० | डेस्क र टेबल |  |
| ११ | पंखा |  |
| १२ | बत्ती |  |
| १३ | स्विच |  |
| १५ | ऐना भएको झ्याल |  |
| १६ | दराज |  |
| १७ | टेबल |  |
| १८ | कुर्सी |  |

चित्र ३: नक्शामा प्रयोग हुने चिन्हहरु

## ङ ) आपत्कालीन द्वार (Emergency Exit)

सामान्यतया हामीले पढ्ने पढाउने विद्यालय भवनहरु धेरैमा आपत्कालीन द्वारको व्यवस्था गरिएको हुँदैन । संकटको अवस्थामा कक्षा कोठाभित्र भएका विद्यार्थी, शिक्षक तथा अन्य व्यक्तिहरु सकेसम्म चाँडो खुल्ला स्थानमा पुग्नको लागि एउटा मात्र ढोका पर्याप्त हुँदैन । त्यसैले दैनिक रुपमा प्रयोगमा आउने सामान्य ढोकाहरु भन्दा केहि फराकिलो आकारका ढोकाहरुको व्यवस्था निर्माणको बखतमा हरेक कोठामा गरिनु पर्दछ । बनिसकेका

भवनहरुमा समेत उचित स्थानमा यस्तो ढोकाहरुको व्यवस्था गर्न सकिन्छ र गर्नु पर्दछ । जसको कारण संकटकालीन अवस्थामा समेत सहजता हुन्छ । यस्ता द्वारहरुको पहिचान गरी पठनपाठनका समयमा त्यसलाई खुला राख्ने प्रबन्ध गर्नुपर्दछ ।

### च) भेला हुने स्थान

स्थानान्तरणका क्रममा भवन बाहिर भेला हुन सुरक्षित खुला ठाऊँको पहिचान गर्नुपर्दछ । विपद् पश्चात भेला हुने ठाउँले अभ्यास प्रक्रियामा समेत अत्यन्त महत्त्व राख्दछ किनकी वास्तविक विपद्को समयमा पनि हामी जम्मा हुने ठाउँ त्यही हुन्छ ।

भेला हुने ठाउँमा कुनै पनि जोखिम हुनुहुदैनः त्यस ठाउँको नजिक कुनै भवन, बिजुलीको खम्बा, तार, साना-ठूला रुख, बाढी, पहिरो जाने एवं ढुङ्गा खस्ने डर नभएको र नभासिने खालको हुनु पर्दछ । त्यस्तै विद्यालय परिसरबाट सक्दो नजिक तर सुरक्षित हुनु पर्दछ र त्यहाँसम्म पुग्ने बाटो समेत सुरक्षित र सहज खालको हुनु पर्दछ । प्रायजसो विद्यालयका लागि छनोट गरिएको खेल मैदानहरु उल्लेखित खतरा नभएको खण्डमा उपयुक्त हुन सक्दछन् ।



चित्र ४: सुरक्षित स्थानमा जाऔं

## ३.३ विपद्को अवस्थामा गर्नुपर्ने मुख्य कार्यहरु तथा तिनीहरुका लागि योजना

विपद्को समयमा विद्यालयका शिक्षक एवं विद्यार्थीहरुले आपत्कालीन रुपमा गर्नुपर्ने सम्भावित प्रमुख कार्यहरु तल वर्णन गरिएका छन् । यस्ता कार्यहरु जिम्मेवारी प्राप्त टोली मार्फत हुनुपर्दछ ।

### क) आपत्कालीन स्थानान्तरण

भुईंचालो आइरहेको बेला पहिले नै पहिचान गरिएका कोठा भित्रका सुरक्षित स्थानमा "घुँडा टेकी गुँडुल्की ओतलागी समात (Drop, Cover and Hold)" को तरिका प्रयोग गरी सुरक्षित हुनुपर्दछ । भुईंचालोको कम्पन बन्द भएपछि शिक्षकको निर्देशन अनुसार सुरक्षित किसिमले आफू ओत लागेको ठाउँबाट निस्की आफ्नो टाउकोलाई जोगाउँदै स्थानान्तरण योजना अनुसार सुरक्षित बाटो हुँदै सबैजना भेला हुने स्थानतर्फ जानुपर्दछ ।

भेला हुने स्थानमा सबैजना जम्मा भई आ-आफ्नो कक्षागत स्थानमा पंक्तिबद्ध भइसकेपछि सम्बन्धित कक्षाका लीग तोकिएको शिक्षकले विद्यार्थीहरुको गन्ती गर्नुपर्दछ । यदि कोही हराइरहेको पाइएमा तत्काल खोज तथा उद्धार टोलीलाई खबर गरिदिनुपर्दछ । हरेक कक्षाबाट यस्तो स्थानान्तरणलाई सजिलो बनाउनका लागि सम्बन्धित समयको शिक्षकले विद्यार्थीहरुलाई नआत्तिई सहयोग गर्नुपर्दछ । ठूला विद्यार्थीहरु भएको कक्षाको हकमा यस्तो स्थानान्तरणमा कक्षाको मनिटरले पनि सहायता गर्नु पर्दछ ।

### ख) खोज तथा उद्धार

गणना गर्दा नभेटिएका विद्यार्थीहरुको खोजीकार्य खोज तथा उद्धार टोलीले सुरु गर्दछ । यसरी काम सुरु गर्दा हराएका विद्यार्थीहरुको संभाव्य स्थान/कक्षा पहिचान गरी सोही ठाउँमा गएर खोजीकार्य गर्दा चाँडो उद्धार गर्न सकिने संभावना हुन्छ । भवनभित्र थिचिएर, पुरीएर वा अड्किएका व्यक्तिहरुको खोजी एवं उद्धार गर्ने कार्य निकै संवेदनशील तथा जोखिमयुक्त हुने भएकोले तालीम प्राप्त व्यक्तिले मात्र यस्तो कार्य गर्नुपर्दछ । ती व्यक्तिहरुले आफ्नो सुरक्षामा विशेष ध्यान पुऱ्याउनुपर्दछ नत्र उनीहरुकै ज्यान जानसक्छ । विद्यालयमा दक्ष व्यक्ति नभएको खण्डमा समुदाय वा अन्य निकायसँग सहयोग लिएर यो काम गराउनु

पर्दछ । थुनिएर रहेका मानिसलाई बाहिर ननिकाल्दासम्म उसँग सम्भव भएसम्म निरन्तर कुरा गरी ढाडस दिनुपर्दछ ।

### ग) प्राथमिक उपचार तथा हेरचाह

घाइतेहरुको सकेसम्म चाँडो प्राथमिक उपचार गर्नुपर्दछ । चोटपटकको प्रकृति अनुरुप प्राथमिकता अनुसार संवेदनशील अवस्थाका घाइतेहरुलाई अवस्था अनुसारको उपचार गरी अस्पताल, अस्थायी शिविर वा घरमा पठाउनुपर्दछ । प्राथमिक उपचार पद्धति थाहा नभएका अथवा तालीम नलिएका व्यक्तिहरु कदापि प्राथमिक उपचारमा संलग्न हुनुहुदैंन । प्राथमिक उपचार गर्दा निम्न कुरा ध्यान दिनु पर्दछ ।

- घाइते वर्गीकरण तथा हेरचाह गर्ने
- आवश्यक उपचार गर्ने
- अस्पताल, अस्थायी शिविर वा घर चलान गर्ने
- आत्तिएर हतासिएकाहरुलाई मानसिक सान्त्वना दिने




चित्र ५: घाइतेहरुको प्राथमिक उपचार

### घ) सूचना संकलन तथा सम्पर्क योजना

प्रभावकारी विपद् प्रतिकार्यको निमित्त तत्काल सूचना संकलन विश्लेषण तथा सम्बन्धित व्यक्तिहरुलाई सूचना उपलब्ध गराउने कार्य अत्यन्त महत्वपूर्ण हुन्छ । विद्यार्थी, शिक्षक एवं कर्मचारीहरुको अवस्था के छ, कहाँ कहाँ क्षति भएका छन्, उद्धार कार्य कसरी भइरहेको छ, विपद्को

कारणले विद्यालय बाहिर के भइरहेको छ भन्ने जस्ता सूचनाहरु सबैलाई समय समयमा दिन सकेको खण्डमा विपद्मा अत्तालिएको समयमा सही सूचनाले ढाडस मिल्न सक्तछ । यस्ले उद्धार तथा उपचार कार्यमा समेत सघाउ पुऱ्याउँछ । यसका लागि विद्यालयले सूचना पाटीहरुमा बेला बेलामा आवश्यक सूचना टाँस्ने, आपतूकालिन सूचना माइकबाट जानकारी गराउने अथवा रेडियो, टी.भी. बाट भइरहेको प्रशारण सुन्ने सुनाउने गर्न सक्दछन् । यस्तो सूचना संकलन तथा सम्पर्कसँग सम्बन्धित तल उल्लेखित तीन महत्वपूर्ण कार्यहरु हुन्छन् ।



चित्र ६: विपद् पछिको परिदृष्य

१. विद्यार्थी, शिक्षक कर्मचारीहरुको अवस्था अद्यावधिक राख्ने

२. विद्यार्थीका अभिभावकहरुसँग सम्पर्क स्थापित गर्ने

३. समुदाय तथा आपतूकालीन सेवा प्रदायकहरुसँग सम्पर्क स्थापित गर्ने

### १) विद्यार्थी, शिक्षक, कर्मचारीहरुको अवस्था अद्यावधिक राख्ने

विपद्को तत्काल पछाडि विद्यार्थी, शिक्षक एवं कर्मचारीहरुको अवस्था के छ, को को हराइरहेका छन् वा घाइते भए, कस्तो अवस्थामा छन् भन्ने सूचनाले खोजी तथा उद्धार र स्वास्थ्योपचार

सेवाको लागि महत्वपूर्ण सहयोग पुऱ्याउँछ । यस्तो अद्यावधिक राख्ने कार्यको लागि दुई किसिमका तालिकाहरुको प्रयोग गर्न सकिन्छ । पहिलो तालिका *अनुसूची ४/क* मा दिइए अनुसारको फाराममा विद्यालयमा उपस्थित भएका विद्यार्थी, शिक्षक एवं कर्मचारीहरुको संख्या देखाउनु पर्दछ । यस्तो दैनिक तालिकाले विपद् पछि स्थानान्तरण गरिसकेपछि गणना गरिने संख्यासँग तुलना गरी हराइरहेकाहरुको संख्या पत्ता लगाउन मद्दत गर्दछ । यस्तो तालिका दैनिक रुपमा उपस्थित पुस्तिकामा तयार गर्नु पर्दछ भने सबैले देख्ने गरी खुला स्थानमा पाटीमा पनि लेखेर टाँस्ने गर्नाले आपत्को समयमा उपस्थित पुस्तिका नभेटिएको खण्डमा पनि पाटीको प्रयोग गरी संख्याहरु थाहा पाउन सकिन्छ । पाटीमा राख्नको लागि *अनुसूची ४/ख* अनुसारको तालिका प्रयोग गर्न सकिन्छ । त्यस्तै विपद् पछिको अवस्थालाई अद्यावधिक राख्नका लागि *अनुसूची ४/ग* अनुसारको तालिका प्रयोग गर्नु पर्दछ । यस्ले विपद् पछिको समय समयको अवस्था जानकारी गराउन मद्दत पुऱ्याउँदछ । यस्तो सूचनाहरुलाई अद्यावधिक राख्ने काम सूचना संकलन तथा सम्पर्क टोलीमा जिम्मा दिइएको व्यक्तिले गर्नुपर्दछ ।

यसका अतिरिक्त कक्षा शिक्षक एवं वैकल्पिक शिक्षकहरु *(अनुसूची ५/क)* तथा कक्षा मनिटर एवं वैकल्पिक मनिटर *(अनुसूची ५/ख)* हरुको नामावलीहरु पनि एकत्रित गरिराखिएको खण्डमा आपत्को अवस्थामा सम्पर्क व्यक्तिहरु तत्काल पत्ता लगाउन सजिलो हुन्छ ।

### २) विद्यार्थीका अभिभावकहरुसँग सम्पर्क स्थापित गर्ने

ठूलो विपद्को समयमा विद्यार्थीका अभिभावकहरु पनि अत्तालिने र आफ्ना बच्चाको अवस्थाको बारेमा चिन्तित हुने गर्दछन् तथा बच्चाहरुलाई सुरक्षित किसिमले घर-घर पठाउने कार्य पनि गर्नु पर्ने हुनाले विद्यालयले विद्यार्थीका अभिभावकहरुसँग सम्भव भएसम्म छिटो सम्पर्क स्थापित गर्नु अत्यन्त जरुरी हुन्छ । यसरी सम्पर्क स्थापित गरिसकेपछि अभिभावकहरुलाई विद्यालय, विद्यार्थीहरुको अवस्थाको बारेमा जानकारी गराउनु पर्दछ तथा बच्चाहरुलाई कसरी घर पठाउने हो सोको जानकारी गराउनु पर्दछ । यदि अभिभावकहरु

बच्चा लिन विद्यालय आउनु पर्ने भए सो पनि जानकारी गराउनु पर्दछ । अभिभावकहरुसँग तत्काल सम्पर्क हुन नसक्ने बच्चाहरुको लागि नजिकमा घर भएका ठूला विद्यार्थीहरुको साथमा घर पठाउने गरी योजना बनाइराख्नुपर्दछ । यस्तो सम्पर्क स्थापित गर्नेको लागि सबै विद्यार्थी एवं शिक्षक, कर्मचारीहरुको सम्पर्क व्यक्ति तिनीहरुको ठेगाना एवं टेलिफोन नम्बरहरु पहिले नै संकलन गरिराख्नुपर्दछ । यस्को लागि *अनुसूची* ६ मा दिइएको फाराम प्रयोग गर्न सकिन्छ ।

**३) सम्बन्धित निकाय, समुदाय तथा आपत्कालीन सेवा प्रदायकहरुसँग सम्पर्क स्थापित गर्ने**

विद्यालयले आफ्नो विद्यालयको अवस्थाको बारेमा सम्बन्धित निकायहरु जस्तैः जिल्ला शिक्षा कार्यालय, जिल्ला प्रशासन कार्यालयमा जानकारी गराई आवश्यक परेको खण्डमा सहयोगको लागि अनुरोध गर्नुपर्दछ । त्यसै गरी विद्यालय रहेको स्थानको समुदायसँग पनि आवश्यक समन्वय गरी सहयोगको आदान-प्रदान गर्नुपर्ने हुन सक्दछ । साथै आपतूकालीन सेवा प्रदायकहरु जस्तैः दमकल, एम्बुलेन्स, अस्पताल, रक्त-संचार केन्द्र, पुलिस, रेडक्रस इत्यादिसँग पनि सम्पर्क गरी सहयोग माग्नुपर्ने हुन सक्दछ । त्यसैले यस्तो अवस्थामा तत्काल छिटोछरितो रुपमा सम्पर्क गर्न सजिलो बनाउनका लागि पहिले नै सम्भावित सम्पूर्ण संघ संस्थाहरुको विस्तृत सम्पर्क विवरण तयार पारी राख्नुपर्दछ । यसका लागि *अनुसूची ७* को फाराम प्रयोग गर्न सकिन्छ ।

विपद्को समयमा यस्ता संस्थाहरुसँग सम्पर्क गरी सूचना आदान प्रदान गरिसकेपछि यस्तो सम्पर्कको अभिलेख राख्नु पनि उक्तिकै महत्वपूर्ण हुन्छ । यस्तो अभिलेखले थप योजना बनाउन मद्दत पुऱ्याउँछ । *अनुसूची ८* मा दिइएको तालिकाको प्रयोग गरी यस्तो अभिलेख राख्न सकिन्छ ।

## घ) सम्बन्धित अभिभावकहरुलाई विद्यार्थी जिम्मा लगाउने

विपद् पछि बाहिरी वातावरण तथा बाटोघाटोको अवस्था मूल्याङ्कन गरी सुरक्षित रहेको खण्डमा सामान्य अवस्थामा रहेका विद्यार्थीहरुलाई तिनीहरुको घर पठाउन सकिन्छ । ठूला विद्यार्थी (आफै घरजान सक्षम

वा निश्चित कक्षा भन्दा माथिका) हरुलाई अभिभावकको मन्जुरीमा आफैँ घर जाने गरी पठाउन सकिन्छ । तर साना विद्यार्थीहरुलाई एक्लै घर पठाउनु हुँदैन । तिनीहरुको अभिभावकहरु वा भूआपत्कालिन सम्पर्क व्यक्तिहरुको जिम्मामा मात्र साना विद्यार्थीहरुलाई घर पठाउनुपर्दछ । टेलिफोन सम्पर्क गर्न नसकिने, वा तत्काल अभिभावकलाई सम्पर्क गर्न नसकिने टेलिफोन सम्पर्क नभएका वा ग्रामीण भेगहरुका हकमा भने ठूला कक्षाका विद्यार्थीहरुलाई भौगोलिक सुगमता अनुसार साना विद्यार्थीहरुको रेखदेख गर्ने वा ठूला विद्यार्थीहरुले साना विद्याथीहरुलाई घर सम्म पुर्‍याइ दिने व्यवस्था मिलाउन सकिन्छ । यस्तो योजनाको बारेमा अभिभावकहरुलाई पहिले नै जानकारी गराई भूआपत्कालिन अवस्थामा बच्चाहरु लिन आउने व्यक्तिको बारेमा पनि पहिलेनै निर्क्यौल गरिराख्नु पर्दछ । बच्चाहरु अभिभावकहरुलाई जिम्मा लगाउँदा सोको अभिलेख राखी मात्र जिम्मा लगाउनुपर्दछ । यस्तो अभिलेख राख्नको लागि *अनुसूची* ९ अनुसारको फाराम प्रयोग गर्नुपर्दछ ।

अभिभावकलाई बच्चा जिम्मा लगाउने बेलामा *अनुसूची* ६ अनुसारको अभिभावकको पहिचान गरेर मात्र जिम्मा दिनुपर्दछ । यसको लागि जिम्मेवारी पाएको टोलीले *अनुसूची* ६ अनुसार सूचना संकलन तथा सम्पर्क टोलीले तयार पारेको विवरणको एक प्रति आफूसँग राख्नु पर्दछ ।

### ङ) आवास तथा खानपान योजना

सबै खालको विपद्मा आवास तथा खानपानको जरुरी नहुन सक्दछ । तर केही समयका लागि चाहे त्यो एक दुई घण्टाको मात्र किन नहोस् आवास तथा खानपानको व्यवस्थाबारे तयारी हुनु जरुरी हुन्छ । पानी हामी सबैलाई केही घण्टामै चाहिन्छ भने सुरक्षित स्थान तुरुन्तै चाहिन्छ । भूकम्प, बाढी लगायतका विपद्को स्थितिमा भने लामो समय सम्मका लागि आवास तथा खानपानको व्यवस्था हुनु जरुरी हुनसक्छ । त्यसैले केही दिनका लागि केही व्यक्ति वा परिवारहरुका लागि पुग्ने खानपिन एवं बसोबासका सामग्रीहरु विद्यालयले बन्दोबस्त गरिराख्नु आवश्यक हुन्छ । यस्ता चिजबिजहरुको व्यवस्था सकेसम्म स्थानीय स्तरमा उपलब्ध स्रोत साधन तथा सीप मार्फत बनेका सामग्रीबाट हुन सके अझ राम्रो हुन्छ जस्तो कि स्थानीय खर, बाँस, प्लास्टिकको प्रयोगबाट पाल, पराल, छ्वालीबाट भुईंमा ओछ्याउने आदि । आवास

तथा खानपानका लागि तोकिएको ठाउँमा निकास तथा सरसफाइका व्यवस्था, ससाना समूहमा खाना खुवाउने व्यवस्था, खाना खुवाउने अलग सुरक्षित ठाउँको व्यवस्था, व्यवस्थित शौचालयको व्यवस्था आदिबारे आवास तथा खानपान योजना निर्माणका क्रममा सोच विचार गर्नुपर्दछ । विपद पछिको अवस्था अनुसार घर जान नसक्नेहरुका लागि विद्यालयले नै खानपान, बसोबासको प्रबन्ध मिलाउनुपर्छ । उक्त कार्य जिम्मेवारी पाएको टोलीले गर्नेछ ।

## च) सुरक्षा

विपद्को समयमा विद्यालय परिसरभित्र रहेका विद्यार्थी, शिक्षक एवं कर्मचारीहरुको जिउज्यानको तथा विद्यालयको सम्पत्तिको सुरक्षा गर्नु पनि विद्यालयको दायित्व हो । त्यसैले आवश्यक सुरक्षाको प्रबन्ध गरिराख्नु पनि जरुरी हुन्छ । यस्तो सुरक्षाको प्रबन्ध मूलतः दुईवटा मुख्य कुराहरुलाई बिचार गरेर गर्नु पर्दछ । पहिलो विद्यालय परिसरभित्र लडेका ढलेका वस्तु वा त्यस्ता संभावित वस्तुका कारण हुने जोखिमबाट सुरक्षा वा विपद्को कारण देखिएको थप जोखिमबाट बँच्नको लागि सुरक्षा । अर्को विपद्को प्रभाव बाहिर वा प्रभावित मानिसको खराब नियतका कारण श्रृजित असुरक्षात्मक अवस्थाका लागि सुरक्षा । जसकालागि परिसरभित्र हिँड्डुल गर्न तोकिएको पूर्व निर्धारित संकटकालीन बाटोहरुमा भेटिएका तथा ती बाटोहरुमा झर्न सक्ने वस्तुहरु पन्छाउने, परिसर बाहिर जाने द्वारहरु बन्द भए खोल्ने । त्यस्तै विना अनुमति वाह्य मानिसहरुलाई विद्यालय परिसरमा प्रवेश नदिने । भित्र आउने तथा बाहिर जानेको सही अभिलेख राख्ने । विद्यालय परिसर छैन भने डोरी तथा अन्य केहीको घेरा लगाउने आदि कार्यहरु सुरक्षा योजनामा समाविष्ट हुनु पर्दछ ।

## छ) आपत्कालिन समन्वय, निर्देशन (Command & Coordination)

विपद्को समयमा अपर्झट गर्नुपर्ने अगाडि उल्लेख गरिए अनुसारका थुप्रै महत्वपूर्ण कार्यहरु हुन्छन् । यस्ता सम्पूर्ण कार्यहरु एकआपसमा मिलेर संयोजित रुपमा गरेको खण्डमा मात्र सफल हुन्छन् । यसका लागि प्रभावकारी समन्वय र निर्देशनको जरुरी हुन्छ । यस्तो आपत्कालीन समन्वय र निर्देशनको काम विद्यालयको विद्यालय विपद् जोखिम व्यवस्थापन समितिले गर्नुपर्दछ ।

## ३.४ जिम्मेवारी बाँडफाँड, कार्यान्वयन, पुरावलोकन तथा योजना आवधिकीकरण

अगाडि उल्लेख गरिएका महत्वपूर्ण कार्यहरुको पहिले नै योजना बनाइराख्न तथा विपद्को समयमा तिनीहरुको कार्यान्वयन गर्नको निमित्त विद्यालयभित्र शिक्षक, कर्मचारी एवं विद्यार्थीहरुको बीचमा जिम्मेवारी बाँडफाँड गरिराख्नु अतिनै महत्वपूर्ण र आवश्यक हुन्छ । यसका लागि विभिन्न कार्यदल वा टोलीहरु बनाइराख्नु पर्दछ । शिक्षक कर्मचारी, विद्यार्थीहरुको क्षमता, विशेषज्ञता र रुचि अनुसार हरेक कार्यदल वा टोलीको टोली नेता, बैकल्पिक टोली नेता र आवश्यक सदस्यहरुको चयन गर्नु पर्दछ । यस्ता कार्यदल वा टोलीहरु निम्नानुसार हुन सक्दछन् ।

### क) आपत्कालीन संयोजन टोली

विपद् पूर्वतयारी तथा आपत्कालीन संयोजन समितिले नै यो टोलीको रुपमा काम गर्दछ ।

### ख) आपत्कालीन स्थानान्तरण सहयोगी टोली

विपद् घटना भएको समयमा शिक्षक तथा कक्षाको मनिटरले स्थानान्तरणमा सहयोगीको रुपमा कार्य गर्नु पर्दछ । स्थानान्तरण भई सम्बन्धित कक्षाको लागि तोकिएको स्थानमा भेला भई लामबद्ध भईसकेपछि भने सम्बन्धित कक्षाका कक्षा शिक्षकहरुले आ-आफ्नो कक्षाको गणना गर्ने लगायतका कामहरुको जिम्मा लिनु पर्दछ ।

### ग) खोज तथा उद्धार टोली

खोजी तथा उद्धार कार्यका लागि शारीरिक रुपमा स्वस्थ र सक्षम व्यक्तिहरुलाई राखी खोज तथा उद्धार टोलीको गठन गर्नुपर्दछ । यस्तो टोलीलाई समय समयमा तालिम पनि दिनुपर्दछ । टोलीमा रहेका सदस्यहरुबाहेक पनि अन्य धेरै जनालाई खोज तथा उद्धारको लागि तालिम दिई तयारी अवस्थामा राख्नुपर्दछ ।

घ) प्राथमिक उपचार र हेरचाह टोली

ङ) सूचना संकलन तथा सम्पर्क टोली

च) अभिभावकलाई विद्यार्थी जिम्मा लगाउने टोली

छ) आवास तथा खानपान टोली

ज) सुरक्षा टोली

माथि उल्लेख गरिएका आपत्कालीन समयमा आपत्कालीन कार्यहरु सम्पादन गर्ने टोलीहरुका अतिरिक्त सामान्य समयमा दुई महत्वपूर्ण कामहरु संचालन गर्न तल उल्लेख गरिएका दुइ वटा टोलीहरु पनि गठन गर्नुपर्दछ ।

झ) जोखिम लेखाजोखा तथा अल्पीकरण कार्यदल


यो कार्यदलले अरु सबै शिक्षक कर्मचारी, विद्यार्थीहरुको सहयोगमा खण्ड ३.२ मा व्याख्या गरिए अनुसारको विद्यालय एवं वरपरको वातावरणको लेखाजोखा तथा आपत्कालिन स्थानान्तरण योजना तयार पार्ने कार्य गर्दछ । साथै यसले जोखिमहरुको पहिचान गरी तिनीहरुको अल्पीकरणको लागि संयोजन गर्ने काम पनि गर्दछ । यसका अतिरिक्त यो कार्यदलले विपद्को अवस्थामा क्षतिको मूल्यांकन एवं संरचना जाँच गरी अन्य कार्यदलहरुलाई आवश्यक जानकारी दिने काम पनि गर्नु पर्दछ ।

ञ) पूर्व-अभ्यास संयोजन कार्यदल

सम्पूर्ण योजना तयार गरेपछि समय समयमा त्यसको पूर्व-अभ्यास (Drill) गरी आवश्यक परिमार्जन गरेको खण्डमा यस्तो योजनाको प्रभावकारीता अझ बढ्न जान्छ र महत्वपूर्ण समयमा जिम्मेवारी अनुसारको काम सबैले आत्मविश्वासका साथ गर्न सक्दछन् । त्यसैले समय समयमा पूर्व-अभ्यास गर्नु अत्यन्त जरुरी हुन्छ । यस्तो पूर्व-अभ्यास गर्ने कामलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि विद्यालयमा एक पूर्व-अभ्यास संयोजन कार्यदलको पनि गठन गर्नुपर्दछ । यस्तो पूर्व-अभ्यासको कार्यदलको बारेमा विस्तृत व्याख्या खण्ड-ग मा गरिएको छ ।

माथि उल्लेख गरिएका सम्पूर्ण कार्यदल एवं टोलीहरुको संगठनात्मक अवस्थितिलाई तलको संगठनात्मक स्वरुप अनुसार राख्न सकिन्छ ।

# विद्यालय विपद् पूर्वतयारी एवं आपत्कालीन व्यवस्थापनको लागि विभिन्न समिति एवं कार्यदल टोलीहरुको संगठनात्मक स्वरुप



विद्यालयका सम्पूर्ण कार्यदल वा टोलीहरुको सदस्यहरुको नाम तथा टोलीहरुको जिम्मेवारी अनुसूचीमा दिइए अनुसार तयार पारी राख्नु पर्दछ । सम्बन्धित टोलीहरुले आ-आफ्नो जिम्मेवारी मुताविक विस्तृत योजना तयार पार्नु पर्दछ ।

## ३.५ कार्य विभाजन तथा जिम्मेवारी

| क्र.नं | कार्य विभाजन | जिम्मेवारी | न्यूनतम सहभागी संख्या | नेतृत्व |
|---|---|---|---|---|
| १. | संकटासन्नता लेखाजोखा कार्यदल | लेखाजोखा गर्ने र आवश्यकता अनुसार सुधार गर्ने | ५ | तालिम प्राप्त वा सम्बन्धित विषयमा ज्ञान भएको शिक्षक |
| २. | प्राथमिक उपचार कार्यदल | घाईते तथा चोटपटक लागेकालाई प्राथमिक उपचार गर्ने। | ६ | तालिम प्राप्त तथा स्वास्थ्य उपचारका मामिलामा दखल भएको शिक्षक |
| ३. | खोज तथा उद्धार कार्यदल | हराएका खोजी गर्ने, घाईते तथा संरचनामा पुरिएका, थिचिएका व्यक्तिहरुलाई सुरक्षित तवरले उद्धार गर्ने । | ६ | खोज तथा उद्धारबारे ज्ञान भएको तालिम प्राप्त तथा विपदावस्थामा समेत नेतृत्व गर्न सक्ने शिक्षक |
| ४. | संङ्कटकालीन कार्यसञ्चालन कार्यदल | संकटको अवस्थामा गरिने कार्य सञ्चालन गर्न सम्पूर्णलाई सहयोग गर्ने तथा आवश्यक सुरक्षाका उपाय अपनाउन नेतृत्वदायी भूमिका वहन गर्ने । | ५ | विद्यालयमा सुरक्षाकर्मी भएको खण्डमा सुरक्षाकर्मीको नेतृत्व गर्ने व्यक्ति अन्यथा सम्पूर्ण प्रक्रियाको ज्ञान भएको शिक्षक |
| ५. | आवास तथा खानपान | पानी जस्तो अत्यावश्यक चिजको सरल व्यवस्थापन तथा आवश्यक परेको खण्डमा खानपान र सुरक्षित आवास समेतको व्यवस्थापन गर्ने। | ६ | नेतृत्वदायी भूमिका निवार्ह गर्न सक्ने शिक्षक तथा विद्यार्थी |
| ६. | सुरक्षा | आवश्यक सुरक्षा व्यवस्था गर्ने | ४ | सुरक्षासंग सम्बन्धित व्यक्ति, शिक्षक वा विद्यार्थी |
| ७. | आपत्कालीन सूचना संप्रेषण तथा वाहृय सहयोग सम्पर्क कार्यदल | आपत्कालीन अवस्थामा अनावश्यक हल्ला, टिका-टिप्पणी हुन नदिन सकेसम्म चाँडो यथार्थ विवरण संकलन तथा संप्रेषण गर्ने<br>विपद्का अवस्थामा आवश्यक परेको खण्डमा सुरक्षा निकाय वा अन्य निकायसंग सम्पर्क गर्ने तथा आवश्यकता अनुसारको सहयोग प्राप्त गर्ने । | २ | विद्यालय प्रशासक वा शिक्षक |
| ८. | विद्यार्थी अभिलेख तथा हस्तान्तरण कार्यदल | विद्यार्थीलाई अभिभावकको जिम्मा लगाउने र त्यसको अभिलेख राख्ने | ४ | शिक्षक |

| क्र.नं | कार्य विभाजन | जिम्मेवारी | न्यूनतम सहभागी संख्या | नेतृत्व |
|---|---|---|---|---|
| ९. | अभ्यास मूल्याङ्कन तथा सुझाव संप्रेषण कार्यदल | पूर्व-अभ्यास (ड्रिल) का दौरानमा गरिएका क्रियाकलापलाई ध्यान दिई हेर्ने र देखिएका कमी कमजोरीहरुलाई सुधार गराउन सुझाव प्रदान गर्ने । | २ | प्रक्रिया राम्रोसँग थाहा भएको शिक्षक तथा विद्यार्थी |
| १०. | पूर्वावस्था | पूर्व-अभ्यास (ड्रिल) पछि सरसफाई तथा आवश्यक कार्य गरी विद्यालय वातावरण लाई पहिले जस्तै बनाउने । | ४ | विद्यालयमा सरसफाइ गर्ने व्यक्ति वा शिक्षक, विद्यार्थी |

## ३.६ विद्यालयको विपद् पूर्वतयारी योजनाको बारेमा समुदाय तथा बाहिरी पक्षहरुलाई अवगत गराउने तथा सबैको सहयोग लिने

संकटकालीन योजनामा सामुदायिक सहयोगको अत्यन्त आवश्यक हुन्छ । यस्तो अवस्थामा प्रायजसो विद्यालय परिसर समुदायको आरक्षण स्थलको रुपमा पहिचान गरिएको हुन सक्दछ । यसैले विद्यालय विपद् पूर्वतयारी योजना समुदायको तयारी योजनासंग मेल खाने र आपसमा सहयोगी समेत हुने खालको हुनुपर्दछ । त्यसैले समुदायलाई सहभागी गराएरमात्र विद्यालय विपद् पूर्वतयारी योजना बनाउनु पर्दछ । यसबाट समुदाय समेत जागरुक भई सामुदायिक विपद् पूर्वतयारी योजना समेत निर्माण हुन सक्दछ ।

# खण्ड ख: विभिन्न विपद् घटनाहरूका लागि गर्नुपर्ने र गर्न नहुने कार्यहरू

भूकम्प, आगलागी, बाढी, पहिरो, तथा महामारी हाम्रो ठाउँमा बढी मात्रामा हुने विपद्हरु हुन् । त्यसैले यस्ता विपद्का समयमा कसरी सुरक्षित रहने भन्ने कुरा हाम्रो लागि बढी महत्वको हुन्छ । यस खण्डमा यी प्रमुख विपद्हरुबाट सुरक्षित रहन गर्नुपर्ने कार्यहरु तथा केही गर्न नहुने कार्यहरु संक्षेपमा दिइएका छन् ।

## १. भूकम्प :

**भूकम्प अगावै गर्नुपर्ने कार्यहरु**

- घर, विद्यालय, कार्यालय आदिमा सुरक्षित एवं असुरक्षित स्थानहरुको पहिचान गर्ने तथा सुरक्षितस्थानमा गई सुरक्षित तवरमा बस्ने अभ्यास गर्ने,
- भूकम्पको समयमा गर्नुपर्ने महत्वपूर्ण सुरक्षाको उपाय "Drop, Cover and Hold" (**घुँडा टेकी, गुँडुल्की, ओत लागी समात**) सिकिराख्ने तथा बारम्बार पूर्वाभ्यास गर्ने,



चित्र ७: घुँडा टेकी गुँडुल्की ओत लागी समातबारे अभ्यास

- आपत्कालीन समयको लागि अत्यावश्यक वस्तुहरुको जोहो गरी **भुईंचालो झट्पट् झोला** (Earthquake Go Bag) तयार पारी घरबाहिर निस्कने मूल ढोकाको छेउमा राखी राख्ने,



चित्र ८: आपत्कालीन समयको लागि झट्पट् झोला तथा झोला भित्रका सामग्रीहरु

- भुईंचालो पछि परिवारका सदस्यहरु कहाँ, कसरी भेट्ने तथा एकापसमा कसरी सम्पर्क गर्ने सोको लागि सम्पर्क योजना बनाई सबैलाई थाहा दिने,
- आफ्ना बच्चाहरु पढ्ने विद्यालयसंग समन्वय गरी आपत्कालिन समयको लागि सम्पर्क योजना बनाइ राख्ने,
- आफ्नो टोल छिमेकीमा पनि सर-सल्लाह, छलफल गरी पूर्वतयारी योजना बनाइ राख्ने
- आफूले जाने सिकेका कुराहरु अरुलाई सिकाउने तथा प्रचार-प्रसार गर्ने ।

## भूकम्प भइरहेको बेला गर्नु पर्ने सुरक्षित व्यवहार :




चित्र ९: भूकम्प भइरहेको बेला गर्नुपर्ने सुरक्षित व्यवहार

*घरभित्र हुनुहुन्छ भने :* टाउकोलाई छोप्नुहोस्, निहुरेर शान्त भई बस्नुहोस् । पहिल्यै पहिचान गरिएको घरभित्रको सुरक्षित ठाउँसम्म पुग्न प्रयास गर्नुहोस् ।




चित्र १०: "घुडा टेकी, गुँडुल्की, ओत लागी समात" को प्रकृया

*घर बाहिर हुनुहुन्छ भने :* अग्ला र ढलेर थिच्न सक्ने संरचनादेखि सकेसम्म टाढा बस्ने, साँघुरो गल्लीमा भएमा सुरक्षित स्थानमा ओत् लागेर बस्नुहोस् ।



चित्र ११: घरबाहिर हुँदा अपनाउनुपर्ने सुरक्षाका उपाय

सवारी साधन चलाइरहनु भएको छ भने : सुरक्षित स्थानमा गाडी रोक्नुहोस् ।


**भूकम्प रोकिएपछि तत्कालै गर्नुपर्ने कार्यहरु :**

- भूकम्पको धक्का रोकिएपछि आफू बसेको स्थानबाट नहडबडाई सकेसम्म छिटो आफ्नो टाउको छोपेर सुरक्षित किसिमबाट घरबाट बाहिर निस्कने ।




चित्र १२: भूकम्प पछि सुरक्षितरुपमा बाहिर निस्कदैं

- भान्साकोठामा रहेको अवस्थामा तत्कालै चुलो वा अन्य आगाको श्रोतहरु बन्द गर्ने



चित्र १३: भान्साकोठामा रहेको आगोको श्रोतहरु बन्द गर्दै

- घरबाट बाहिर निस्कँदा बिजुलीको मेन स्वीच बन्द गर्ने,

घरभित्र च्यापिएको, पुरिएको, थुनिएको अवस्थामाः

- धैर्यताकासाथ संयमित भएर सुरक्षित रहने, खोज उद्धार दल आएको चाल पाएपछि मात्र आवाज वा संकेत दिने । सुरुमै चिच्याउँदा केहि बेरमै थाकेर खोज उद्धार दल आएको चाल पाएपनि आवाज वा संकेत दिन नसकिने हुन्छ ।

**आफूले सक्ने अवस्था भएमात्र** :

- घाइते तथा च्यापिएका, पुरिएका घाइतेहरुलाई मद्दत गर्ने ।
- तालीम लिएको छ भने मात्र घाइतेहरुलाई प्राथमिक उपचार गर्ने ।
- घाइतेहरुको खोजी तथा उद्धार कार्य गर्दा आफ्नो सुरक्षामा पनि ध्यान दिने । आफू जीवितै रहेमामात्र अरु धेरै घाइतेहरुलाई मद्दत पुऱ्याउन सकिन्छ ।
- सिकिस्त घाइतेलाई अस्पताल लैजानु अघि प्राथमिक उपचार दिने बाहेक धेरै नचलाउने । तिनीहरु अझै खतरामा भए मात्र तिनीहरुलाई त्यहाँबाट अन्यत्रै लैजाने ।

**गर्न नहुने कार्यहरु**

- भूकम्पले क्षतिग्रस्त भएको घरभित्र दक्ष प्राविधिकले सुरक्षित छ भन्ने निक्र्यौल नगरेसम्म घरभित्र प्रवेश नगर्ने ।
- आफू बेस्सरी आत्तिने र अरुलाई पनि अत्याउने काम नगर्ने ।
- लहैलहैमा लागेर हल्ला फैलाउने काम नगर्ने ।
- घटना र घटनापश्चातका क्रियाकलापका बारेमा अनावश्यक टीका टिप्पणी नगर्ने ।

## २. आगलागी :

**पूर्व सावधानी**:

- आगोको प्रयोग पछि राम्रोसंग निभाउने ।
- आगो बल्न सहयोग पुऱ्याउने अत्याधिक प्रज्वलनशील वस्तुहरुको सुरक्षित भण्डार गर्ने ।

- आगो बाल्न प्रयोग गरिने सलाई, लाईटर जस्ता वस्तुहरु केटाकेटीले नभेट्ने ठाउँमा राख्ने र अनावश्यक रुपमा नबाल्ने । यस्ता चीज केटाकेटीहरुको हातमा परेमा ठूला मानिसलाई दिनुपर्छ भन्ने कुरा केटाकेटीहरुलाई सिकाउने ।
- सम्भव भएमा आगो निभाउन प्रयोग गरिने कम्तिमा एक सेट साधनहरु (पानी बोक्ने बाल्टीन, साबेल, खन्ने पिक आदि) एकत्रित गरेर निश्चित ठाउँमा राख्ने । सकिन्छ भने आगो निभाउने कार्यमा प्रयोग हुने कार्बनडाई-अक्साईड भरिएको सिलिन्डर राख्ने र प्रयोग गर्न सिक्ने ।





चित्र १४: आपत्कालीन आगो निभाउने उपकरणहरु

- आगो लाग्न नदिन सबैलाई सावधान गराउने र लागि हाले के गर्ने भन्ने पनि सिकाउने ।


**आगलागी भइरहेको अवस्थामा :**

- घरभित्र आगलागी भएको अवस्थामा सकेसम्म चाँडो सुरक्षितसाथ बाहिर निस्कन प्रयास गर्ने ।
- सकेसम्म चाँडो करेन्ट प्रवाह बन्द गर्ने र विद्युत प्रवाह हुने वस्तुहरुबाट टाढा रहने ।
- आगलागी भइरहेको स्थानमा आवश्यक नभएमा नजाने ।
- निभाउने क्रममा आवश्यक सुरक्षा अपनाई मात्र निभाउने कार्यमा लाग्ने ।



चित्र १५: आपत्कालीन आगो निभाउने तरीका

- चाँडो भन्दा चाँडो अग्नि नियन्त्रण टोली तथा सुरक्षा निकायलाई खबर गर्ने ।
- यदि घरभित्र परेमा, ढोका तथा झ्यालहरु बन्द गर्ने, चिसो ऊनीको वा कपडाको सामग्रीले आफूलाई ढाक्ने र होचो भएर बस्ने ।
- यदि आफ्नो शरिर वा कपडामा आगोले समातेको खण्डमा मुखलाई हातले छोपेर भुईंमा लडिबुडी गर्ने, नदौड्ने ।



चित्र १६: आगलागी हुँदा अपनाउनु पर्ने सुरक्षित उपायहरु

**आगलागी पछि :**

- जरुरी सुरक्षा विधि तथा संकेतको प्रयोग गरेर आगलागी भएको क्षेत्र घेराबन्दी गर्ने र क्षतिको मुल्याङ्कन गर्ने, पिडितलाई राहतका लागि सहयोग गर्ने ।
- सरसफाई तथा आवश्यक सुधारपछि मात्र घर वा आगलागी भएको ठाऊँको प्रयोग गर्ने ।

## ३. बाढी :



चित्र १७: डुबान
फोटो साभार: http://www.themalaysianinsider.com

**पूर्व सावधानी :**

- खोलाको किनार, खोल्सा तथा बाढी आउने संभावना भएको ठाउँमा सकेसम्म वसोवासका लागि आवास निर्माण नगर्ने ।
- जोखिम पहिचान भएमा त्यस्ता ठाउँहरुमा पूर्व जानकारी दिने प्रणालीको व्यवस्था गर्ने ।
- बाढी तथा डुबान नियन्त्रणका लागि पूर्वाधार निर्माण गर्ने तथा घर बनाउँदा बाढी र डुबानबाट कम क्षति हुने खालको बनाउने ।
- पौडी खेल्न सिक्ने ।

- बाढी उद्धार सम्बन्धी तालिम लिने ।
- अत्यावश्यक सामग्रीको जोहो गरिराख्ने ।






चित्र १८: पूर्व सूचना प्रणाली

चित्र साभार: http://owegopennysaver.com

**बाढी आइरहेको बेला :**

- संकेत वा पूर्व सूचना पाउनासाथ तुरुन्त अग्लो जमिन भएको ठाउँमा जाने ।
- बाढीका बेला एक्लै नदी वा खोला तर्ने प्रयास नगर्ने, तर्नैपर्ने भएमा सहयोग लिएर मात्र तर्ने ।
- तर्नका लागि सकेसम्म तैरने साधनको प्रयोग गर्ने ।
- पहिरो नियन्त्रण कार्य गर्ने ।




चित्र १९: डुबानको बेला खोला तर्ने प्रयास

**बाढी पछिः**

- आफ्नो सुरक्षाका उपाय अपनाउन अवस्था अनुसार जुत्ता लगाउने ।
- करेन्ट सप्लाई भएमा बन्द गर्न आवश्यकता अनुसारको सहयोग लिने ।
- क्षतिको मुल्याङ्कन गर्ने, गराउने र तथ्याङ्क राख्ने ।
- बाढीको पानी, माटो र बाढीले बगाएर ल्याएका चिजबिज हटाउने र घर सुख्खा बनाउने ।

## ४. पहिरो :

कुनै पनि क्षेत्रको भू-बनोट, भिरालोपन र वर्षा अर्थात पानीबाट त्यस क्षेत्रमा पर्न सक्ने असरको आधारमा पहिरो जाने वा नजाने ठाउँ भनेर छुट्याउन सकिन्छ । बढी भिरालो (२०-२५ डिग्री भन्दा माथि) क्षेत्र, कमजोर वा चर्केको जमिन र बढी पानी पर्ने क्षेत्रमा पहिरो जाने सम्भावना हुन्छ ।



चित्र २०: संभावित पहिरो

## पूर्व सावधानीः

- घर बनाउँदा पहिरोले असर नपार्ने ठाउँमा बनाउने ।
- आफ्नो वरपरको जमिनको बनोट तथा भिरालोपनलाई विचार गरि आवश्यक भएमा पूर्व जानकारी दिने सूचक स्थापित गर्ने ।
- भिरालो जमिन, पानी बग्ने गल्ली, पहाडको ठिक मुनि घर नबनाउने तथा बस्ती नबसाल्ने ।
- पूर्व जानकारीको लागि सूचना प्रणाली निर्माण गर्ने ।
- भिरालो जमिनमा प्राविधिकहरुको सल्लाहमा उपयुक्त रुख विरुवा लगाउने ।
- पहिरो नियन्त्रण कार्य गर्ने ।

## पहिरो गइरहेको समय

धेरै लामो समयसम्म वर्षा भयो र आफ्नो जमिनमा पहिरो जानसक्ने संभावना भएमा जति सक्दो चाँडो स्थिर जमिन भएको ठाउँमा जाने ।

## पहिरो पछिको समय

पहिरो गइसकेपछि सुरक्षित स्थानमा जान सूचना तथा संकेत पर्खने ।

## ५. महामारीः



चित्र २१: महामारीको दृश्य

**पूर्व सावधानी** :

- व्यक्तिगत सरसफाइमा ध्यान दिने, बासी सडेगलेका खाना तथा फोहर चीज नखाने, फोहर पानी नपिउने ।
- दिसा पिशाब शौचालयमा मात्र गर्ने बानी बसाल्ने र गरिसकेपछि साबुन पानीले राम्रोसँग हात धुने ।
- सम्भावित प्रभावित व्यक्ति/समुदायको संसर्गबाट टाढा रहने ।



चित्र २२: दिसा पिशाब गरिसकेपछि साबुन पानीले हात धुदैं

### महामारी फैलिरहेको अवस्थामा

- रोग अनुसारको सुरक्षाका उपाय अपनाउने ।
- महामारीले छोएमा तुरुन्त स्वास्थ्य उपचार गर्ने ।
- महामारी फैलन नदिन दिईएको निर्देशन पूर्ण रुपमा पालना गर्ने ।

### महामारी पछि

महामारीको निदान भएको निर्क्यौल गर्ने ।

# खण्ड - ग: विपद् पूर्वतयारी अभ्यास
## (Disaster Preparedness Drill)

## १. उद्देश्य

विपद्का अवस्थामा सबै सुरक्षित रहन आफ्नो वरपर हुनसक्ने सम्भावित विपद्को जोखिम अनुसार आफूलाई तयार र अभ्यस्त राख्न आवश्यक उपाय सिकाउनु विपद् पूर्वतयारी अभ्यासको प्रमुख उद्देश्य हो । पूर्वतयारी अभ्यासले मानिसको अन्तस्करणमा प्रभाव गर्ने हुँदा विपद्को वास्तविक अवस्थामा स्वतःस्फूर्त रुपमा आवश्यक प्रतिकार्य गर्न सघाउँछ ।

विद्यालयले तयार पारेको पूर्वतयारी योजना अन्तर्गतका विभिन्न तत्वहरुको व्यवहारिक जाँच गर्नु तथा आवश्यक परीमार्जनमा सघाउ पुऱ्याउनु अर्को उद्देश्य हो ।

पूर्वतयारी अभ्यासले विपद्का अवस्थामा सहि तरिकाले कार्य गर्न शिक्षक, विद्यार्थी तथा सहयोगी कर्मचारीहरुलाई तालिमको अवसर पनि प्रदान गर्दछ र यसले आत्मविश्वास बढाउन पनि मद्दत गर्दछ ।

त्यसैले हरेक विद्यालयमा कम्तीमा पनि वर्षको २ पटक पूर्वाभ्यास गराउनुपर्छ ।

## २. पूर्व-अभ्यास संयोजन टोली

पूर्व-अभ्यास विपद् पूर्वतयारीको एक महत्वपूर्ण अंग हो । सही तरिकाले पूर्व-अभ्यास गरिएको खण्डमा यसले प्रभावकारी परिणाम दिन्छ । विचार नगरी हचुवामा गरिने अभ्यासले धेरै फाइदा नहुन सक्दछ । त्यसैले यस्तो पूर्व-अभ्यास गर्नको लागि पर्याप्त तयारी तथा योजना हुनु जरुरी हुन्छ । पूर्व-अभ्यासबाट प्राप्त अनुभव तथा शिक्षाहरुलाई विद्यालयको विपद् पूर्वतयारी योजनामा समेट्नको लागि पूर्व-अभ्यासको सुक्ष्म अवलोकन तथा विश्लेषण गर्नुपनि आवश्यक हुन्छ । त्यसैले यस्तो महत्वपूर्ण कार्य सम्पादन गर्नको लागि विद्यालयमा एउटा छुट्टै **विपद् पूर्व-अभ्यास संयोजन टोली** हुनु राम्रो हुन्छ । यसकारण विद्यालयको विपद् पूर्वतयारी योजनाको अंगको रुपमा पूर्व-अभ्यास संयोजन टोलीको गठन गर्नुपर्दछ । यस्तो टोलीले पूर्व-अभ्यासको सम्पूर्ण योजना बनाउने एवं संयोजन गर्ने काम गर्दछ ।

## ३. पूर्व-अभ्यास गर्नुभन्दा पहिले गरिसक्नुपर्ने कार्यहरु

तल उल्लेखित दुई महत्वपूर्ण कार्यहरु पूर्व-अभ्यास गर्नु भन्दा पहिले नै गरिसकेको हुनुपर्दछ ।

**क) पूर्वतयारी योजनाहरुको तर्जुमा**

खण्ड (क) मा विस्तृत रुपमा व्याख्या गरिए अनुसार वा पूर्वतयारी योजनाहरु तयार पारी तिनीहरुको कार्यान्वयन पनि शुरु गरिएको हुनु पर्दछ । योजनाहरु तर्जुमा भएर तिनीहरुको कार्यान्वयन हुन थालेको अवस्था भएमा मात्र तिनीहरुको उपयोगिता र प्रभावकारीता जाँच गर्न सकिन्छ ।

**ख) विपद् पूर्वतयारी योजनाहरुको विषयमा जानकारी एवं अभिमुखीकरण**

विद्यालयका सम्पूर्ण विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई विपद् पूर्वतयारी योजनाहरुको बारेमा जानकारी एवं अभिमुखीकरण गराइएको हुनु पर्दछ । विद्यालयका सम्पूर्ण व्यक्तिहरुले विपद्को समयमा आ-आफूले के गर्ने हो र कसरी गर्ने हो थाहा पाइसकेको हुनुपर्दछ । यसको लागि समूह -समूहमा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ ।

## ४. अभ्यासका लागि गर्नुपर्ने तयारीहरु

पूर्व-अभ्यास सञ्चालन गर्नुभन्दा पहिले निम्न लिखित तयारीहरु गर्नुपर्दछ ।

**क) सुरक्षित तथा असुरक्षित व्यवहारहरुबारे प्रदर्शनी तथा आवश्यक अभ्यास**

पूर्व-अभ्यास सञ्चालन गर्नुभन्दा पहिले नै विद्यार्थी, शिक्षक एवं कर्मचारीहरुलाई विपद् घटनाको समयमा गर्नुपर्ने सुरक्षित तथा असुरक्षित व्यवहारहरुबारे प्रदर्शनी तथा आवश्यक अभ्यास समेत गराउनुपर्दछ । यस्तो प्रदर्शनी तथा अभ्यासले पूर्व-अभ्यासको बेलामा तथा वास्तविक विपद् घटनाका बेलामा समेत सबैले सुरक्षित व्यवहार गर्न मद्दत

पुऱ्याउँछ । विभिन्न प्रकारका विपद्‌हरुको समयमा गर्नुपर्ने सुरक्षित व्यवहारहरुको बारेमा खण्ड (क) मा उल्लेख गरिएको छ ।

यस्तो प्रदर्शनी तथा अभ्यास गराउँदा "अबको केही दिन वा हप्ता भित्रमा विद्यालयमा विपद् पूर्व-अभ्यास गरिदैछ । सबैले सिकाइए अनुसार सुरक्षित व्यवहार गर्नुहोला" भनी सूचित गरिराख्नु पर्दछ । पूर्व-अभ्यासको कस्तो संकेत आउँछ र त्यस पछाडि सबैले के के गर्नु पर्ने हो त्यसको पनि जानकारी गराईराख्नु पर्दछ । यस्तो जानकारी ठाउँ ठाउँमा सूचना टाँसेर पनि दिन सकिन्छ ।

### ख) विपद्‌को परिदृश्य तयार पार्ने

कस्तो विपद्‌को परिस्थितिको लागि पूर्ण तयार रहन पूर्व-अभ्यास गरिने हो सो को पहिले नै योजना बनाउनुपर्दछ, जसले गर्दा अभ्यासको बेलामा त्यस्तै परिस्थितिको सृजना गर्न सकियोस् र अभ्यासलाई सम्भावित वास्तविकतासँग नजिक बनाउन सकियोस् । परिदृश्य तयार गर्दा निम्न कुराहरुलाई विचार गर्नुपर्दछ ।

- कुन विपद्‌को लागि अभ्यास गर्ने हो (जस्तै भुईंचालो, आगलागी, बाढी, पहिरो आदि)
- जुन विपद्‌को लागि अभ्यास गर्ने हो त्यसै अनुसारको परिदृश्य तयार पार्नु
  पर्दछ ।
  विपद्‌मा विद्यालयको भौतिक अवस्थामा पुग्न सक्ने क्षति जस्तैः-
  - विद्यालय भवनको कुनै भाग भत्केको हुनसक्ने ।
  - गैर संरचनात्मक वस्तुहरु ढलेको, खसेको वा फुटेको हुनसक्ने ।
  - बार्दलीमा राखिएका गमलाहरु खसेको इत्यादि ।

  विद्यार्थी, शिक्षक, कर्मचारीहरुमा परेको प्रभाव जस्तै :
  - कुन-कुन कोठाहरुमा कति व्यक्तिहरु चेपिएको, थिचिएको वा घाइते भएको हुन सक्छन् ।
  - कति व्यक्तिहरु हराइरहेका छन् ।

यस्ता सम्भावित अवस्थाहरुलाई विचार पुऱ्याई परिदृश्यको तयारी गर्नु पर्दछ । यसै परिदृश्य अनुसार पूर्व-अभ्यास संयोजन टोलीले अरु केही

विद्यार्थी, शिक्षक एवं कर्मचारीहरुको सहायताबाट पूर्व-अभ्यासको समयमा सोही अनुसारको काल्पनिक परिस्थति तयार पारिदिनु पर्दछ । संयोजन टोलीले परिदृश्यलाई लेखेर राख्नुपर्दछ र अभ्यास पछाडि त्यस्तो परिस्थिति तयार पार्न सकियो वा सकिएन भनी मूल्याङ्कन गर्नुपर्दछ । परिदृश्य तयार पार्दा विपद् पछाडिको कुन अवस्थासम्मको लागि पूर्व-अभ्यास गर्ने हो सो अनुसारको परिदृश्य बनाउनुपर्दछ । जस्तै विपद् पछाडि खोज तथा उद्धार कार्य सम्म मात्र अभ्यास गर्ने हो कि अथवा प्राथमिक उपचार सम्म गर्ने वा विद्यार्थी अभिभावकहरुलाई जिम्मा लगाउने सम्म गर्ने हो वा आवास तथा खानपानको व्यवस्था सम्म गर्ने हो, सोही अनुसारको परिदृश्य बनाउनुपर्दछ । कुन अवस्था सम्मको अभ्यास गर्ने हो भन्ने कुरा विद्यालयमा कति स्रोत, साधन, समय अनि अनुभव छ भन्ने आधारमा व्यवहारिक रुपमा निर्णय गर्नुपर्दछ ।

**सामान्यतया पूर्वतयारीको शुरु शुरुको अवस्थामा स्थानान्तरण, खोज तथा उद्धार र प्राथमिक उपचारसम्मको मात्र अभ्यास गर्नु राम्रो र व्यवहारिक रुपमा सजिलो हुन्छ** भने पछिका वर्षहरुमा विद्यार्थी अभिभावकहरुलाई जिम्मा लगाउने देखि आवास तथा खानपानको व्यवस्था गर्ने सम्मको अभ्यास पनि गर्न सकिन्छ ।

### ग) पूर्व-अभ्यासको लागि आवश्यक पर्ने सामग्रीहरुको व्यवस्था

पूर्व-अभ्यासलाई सजिलो तथा प्रभावकारी बनाउन तथा काल्पनिक परिस्थितिको सृजना गर्नको निमित्त विभिन्न सामग्रीहरुको आवश्यकता पर्दछ जसको पहिले नै व्यवस्था गरिराख्नुपर्दछ ।

१) पूर्व-अभ्यास शुरु गर्ने संकेतको लागि साइरन वा घण्टी

यसका लागि दुई खाले संकेत दिने साइरन वा घण्टीको आवश्यकता पर्दछ । काल्पनिक विपद् घटना घटेको संकेत गर्नको लागि एक खाले आवाज दिनुपर्दछ भने स्थानान्तरण शुरु गर्ने संकेत दिनको लागि अर्को खाले आवाज दिनुपर्दछ ।

२) पूर्वतयारी योजना अनुसारको भूआपत्कालीन प्रतिकार्यका लागि आवश्यक सामग्रीहरु

भूआपत्कालीन प्रतिकार्यका लागि आवश्यक सामग्रीहरु पहिले नै बन्दोबस्त गरी योजना अनुसारका स्थानहरुमा राखी राख्नुपर्दछ ।

क) काल्पनिक घाइतेहरु पनि बनाउने भए सोको लागि चाहिने श्रृंगारका सामग्रीहरु

- पूर्व-अभ्यासको परिदृश्यलाई वास्तविकतासँग नजिक बनाउन काल्पनिक घाइतेहरु बनाई परिदृश्य अनुसारका स्थानहरुमा राख्न सकिन्छ । यसका लागि घाइते जस्तो देखाउन विभिन्न श्रृंगार सामग्रीहरुको आवश्यकता पर्दछ र तालीम प्राप्त श्रृंगार कर्ताहरुसँग सर सल्लाह गरी यस्ता सामग्रीहरुको बन्दोवस्त पनि गरिराख्नुपर्दछ ।

माथि उल्लेखित सामग्रीहरुका अतिरिक्त विद्यालयको अवस्था र आवश्यकता अनुसार अन्य सामग्रीहरु पनि थप्न सकिन्छ ।

- प्राथमिक उपचारका सामग्रीहरु ।
- सरल खोज उद्धारका सामग्रीहरु, सुरक्षाका सामग्रीहरु ।

**घ) विद्यालयको छर-छिमेक, समुदायलाई अभ्यासको बारेमा जानकारी गराउने**

पूर्व-अभ्यास गर्नुभन्दा पहिले विद्यालयको छर-छिमेक तथा आसपासको समुदायलाई विद्यालयमा गरिन लागेको विपद् पूर्व-अभ्यासको बारेमा जानकारी गराई राख्नुपर्दछ । पूर्व-अभ्यासको समयमा सृजना गरिने काल्पनिक परिदृश्यले समुदायमा अन्यौल पैदा गर्न सक्दछ र अनावश्यक रुपमा आत्तिने कोलाहल मच्चिने हुनसक्दछ । त्यसैले यस्तो हुनबाट बच्न पहिले नै जानकारी गराई राख्नुपर्दछ । त्यस्तै पूर्व-अभ्यासको समयमा छर-छिमेक र समुदायबाट पनि सहयोग आवश्यक पर्ने हुनाले पनि पहिले नै जानकारी गराई आवश्यक समन्वय गरि राख्नुपर्दछ ।

**ङ) पूर्व-अभ्यासको लागि विद्यालयमा सूचना प्रवाह गर्ने**

पूर्व-अभ्यासको समयमा अन्यौल र कोलाहलको स्थिति बन्न नदिन विद्यालयका सम्पूर्ण विद्यार्थी, शिक्षक एवम् कर्मचारीहरुलाई विद्यालयमा विपद् पूर्व-अभ्यास गरिने बारेमा पहिले नै सूचीत गर्नुपर्दछ । यस्तो सूचना दिँदा पूर्वाभ्यास गरिने ठ्याक्कै मिति नदिई सम्भावित हप्ता वा दिनहरु दिई राख्नुपर्दछ । अथवा नियमित रुपमा पूर्व-अभ्यास गर्ने पद्धति बसाउने हो भने कुनै निश्चित महिनाको निश्चित हप्तामा पूर्व-अभ्यास

गरिन्छ भनेर पहिले नै निर्क्यौल पनि गरिराख्न सकिन्छ । सबैलाई सूचना दिनका लागि तल दिइए अनुसारको सूचना ठाउँ-ठाउँमा टाँस्न सकिन्छ ।

## सूचना ! सूचना ! सूचना !

आगामी हप्ताको कुनै एक दिन हाम्रो विद्यालयमा विपद् पूर्व-अभ्यास गरिने कुरा सबैलाई जानकारी गराउँदछौं । उक्त पूर्व-अभ्यासको लागि निम्न अनुसार गर्नुहुन सबैलाई अनुरोध गरिन्छ ।

- पूर्व-अभ्यास शुरु गर्नको लागि भुईंचालो (अन्य) विपद् भएको संकेत स्वरुप १ मिनेटसम्म साइरन वा घण्टी बज्नेछ ।
- उक्त घण्टी बजेपछि सबैले पहिले सिकाइए अनुसार (सुरक्षित व्यवहार) गर्नुहोला ।
- सुरक्षित व्यवहारको अभ्यास गर्नु पर्ने समय सकिए पछि अर्को संकेत साइरन वा घण्टी बज्नेछ ।
- यो साइरन वा घण्टी बजे पछि सबैजना पहिले नै सिकाइएको स्थानान्तरण योजना अनुसार आ-आफ्नो कक्षा/कोठाबाट सुरक्षित किसिमबाट बहिर निस्कनुहोला ।
- बाहिर निस्केपछि आ-आफ्नो कक्षा अनुसार निर्धारित स्थानमा लामबद्ध हुनुहोला ।
- यसपछि पहिले निर्धारित गरिए अनुसार आ-आफ्नो जिम्मेवारी पूरा गर्नुहोला ।
- पूर्वाभ्यास सकिएको जानकारी गराउन अन्तिममा पुनः अर्को संकेत घण्टी बज्नेछ ।

माथिका मुख्य कार्यहरुका अतिरिक्त अभ्यासलाई सहज र प्रभावकारी बनाउन निम्न कार्यहरु गर्नुपर्दछ ।

- अभ्यास सञ्चालन गर्नु पूर्व-अभ्यासका क्रममा गरिने क्रियाकलाप तथा अभ्यासका दौरानमा दिईने संकेत र संकेतले सूचित गर्ने कुराबारे सबैलाई प्रष्ट पार्ने ।
- आपत्कालीन योजना अनुरुप भेला हुने स्थान, आपत्कालीन मार्ग तथा अन्य स्थानमा सुरक्षा अवस्था यकिन गर्ने ।
- आपत्कालीन द्वारहरु सुरक्षित तवरले खुल्ने निश्चित गर्ने ।
- भेलास्थानमा पंक्तिबद्ध हुन आवश्यक संकेत, पूर्व निर्धारित ठाउँहरुमा सूचना तथा संकेत (जस्तै प्राथमिक उपचार क्षेत्र, सूचना तथा सम्पर्क केन्द्र आदि) टाँस्ने ।
- अभ्यासलाई प्रभावकारी तथा सूचनामुलक बनाउन परिसरभित्र भित्ते प्रचार सामग्रीहरु टाँस्ने ।
- जिम्मेवारी बाँडफाँड गर्ने ।

## ५. पूर्व-अभ्यासको संचालन


आवश्यक पूर्वतयारीहरु पुरा गरिसकेपछि निर्धारित समयमा पूर्व-अभ्यास गर्नुपर्दछ । पूर्व-अभ्यासका निम्न चरणहरु हुन्छन् :

### **क) विपद् घटना जनाउने तथा स्थानान्तरण गर्ने संकेत**

संकेत १ - आफूलाई सुरक्षित राख्ने ।

- विद्यालयमा तोकिएको व्यक्तिले विपद् भइरहेको अवस्था जनाउन घण्टी, सिट्ठी वा पहिल्यै निर्क्यौल गरिएको अन्य प्रभावकारी संकेत एक मिनेटसम्म बजाउने ।

साँच्चैको विपद् घटनामा यो संकेत बजाउनु पर्दैन ।



चित्र २३: भूकम्प संकेत घण्टी

गर्नुपर्ने कार्य



चित्र २४: कक्षाकोठा भित्र घुँडा टेकी, गुँडुल्की ओत लागी समात्दै विद्यार्थीहरु

कक्षाकोठा वा अन्य कोठामा संरचना नजिक रहेका सम्पूर्ण शिक्षक, विद्यार्थी तथा सहयोगी कर्मचारीहरुले संकेत १ बजिरहदा सम्म “Drop, Cover & Hold” को अवस्थामा बस्ने ।

संकेत २ -सुरक्षित स्थानान्तरण गर्ने ।

सुरक्षित किसिमले स्थानान्तरण गर्नको लागि निर्धारित संकेत साइरन वा घण्टी १ मिनेट सम्म बजाउने ।

गर्नु पर्ने कार्य



चित्र २५: सुरक्षित स्थानमा भेला हुँदै विद्यार्थीहरु

सुरक्षित रुपमा संकटकालीन मार्ग पहिल्याउँदै पूर्व निर्धारित भेला हुने स्थानमा सजिलै पुग्ने ।

**ख) परिदृश्य अनुसारको परिस्थिति तयार पारिदिने**

विपद् अवस्थाको संकेत (संकेत-१)पछि सम्पूर्ण विद्यार्थी, शिक्षक एवं कर्मचारीहरुले सुरक्षित व्यवहार अनुसारको काम गर्दछन् भने पूर्व-अभ्यास संयोजन टोलीका सदस्य तथा केही छानिएका व्यक्तिहरुले परिदृश्य अनुसारको परिस्थिति तयार पार्ने काम गर्दछन् । संकेत १ बजिरहँदा परिदृश्य अनुसारका जस्तै फर्निचरहरु ढलाउने, गमलाहरु ढलाउने, इत्यादि कार्यहरु गर्नुपर्दछ ।

त्यस्तै संकेत-२ अनुसार सबैले स्थानान्तरण गरिसकेपछि अरु थप परिस्थिति सिर्जना गर्ने कार्यहरु जस्तै नक्कली घाइतेहरुलाई ठाउँ ठाउँमा राख्ने थप फर्निचरहरु ढलाउने, बाटो बन्द गर्ने इत्यादि कार्यहरु गर्नुपर्दछ । तर यी सबै कार्यहरु गर्दा बडो सावधानीपूर्वक आफ्नो सुरक्षालाई ध्यानमा राखी गर्नुपर्दछ ।

**ग) आपत्कालीन प्रतिकार्यहरुको सञ्चालन**

सबैको स्थानान्तरण गरिसकेपछि विपद् पूर्वतयारी योजना अनुसारका जिम्मेवारी पाएका व्यक्ति एवं टोलीहरुले आ-आफ्नो कार्य थाल्नुपर्दछ । जस्तोः कक्षा शिक्षकहरुले विद्यार्थीहरुको गन्ती गर्ने, खोज तथा उद्धार टोलीले खोजी र उद्धार कार्य शुरु गर्ने, प्राथमिक उपचार टोलीले उद्धार गरी ल्याईएका घाइतेहरुको प्राथमिक उपचार गर्ने, सूचना संकलन एवं सम्पर्क टोलीले आवश्यक सूचनाहरुको संकलन गरी भूआपत्‌कालिन संयोजन टोलीलाई दिने इत्यादि कार्यहरु गर्नुपर्दछ ।

**घ) अभ्यास समाप्तिको घोषणा**

परिदृश्यमा निर्धारित गरिए अनुसारका सम्पूर्ण कार्यहरु सम्पन्न भई सकेपछि पूर्व-अभ्यास संयोजन टोलीले अभ्यास समाप्तिको घोषणा गर्नुपर्दछ । यस्तो घोषणाको लागि पुनः संकेत घण्टी बजाई माइकबाट सन्देश दिन सकिन्छ ।

**ङ) विभिन्न सामग्रीहरु यथास्थानमा राख्ने**

पूर्व-अभ्यासको समयमा प्रयोग गर्न झिकिएका सम्पूर्ण सामग्रीहरु आवश्यक सरसफाइ गरी पुनः पहिले कै निर्धारित स्थानमा राखिदिनु पर्दछ । यी सामग्रीहरु भविष्यमा पनि उत्तिकै जरुरी पर्दछन् ।

**च) अभ्यासको मूल्यांकन**

पछि अभ्यासका दौरान गरिएका क्रियाकलापको समीक्षा गर्नुपर्दछ । विद्यालयका सबैजना एकै ठाउँमा भेला भई यस्तो मूल्यांकन गर्न सम्भव नभएमा कक्षा कक्षामा गई मूल्यांकन गर्न सकिन्छ । सबै कक्षाका विद्यार्थीहरुलाई अभ्यासको बेलामा गरेको अनुभव, सिकेको सिकाईहरुको बारेमा बोल्न उत्प्रेरित गर्नुपर्दछ । सबै कक्षाहरुबाट यस्तो मूल्यांकन तथा सुझाबहरुको समिक्षा गरेर विद्यालयको पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता अनुसार सुधार तथा परिमार्जन गर्नुपर्दछ ।

## ६. भूकम्पीय पूर्व-अभ्यास (Earthquake Drill) को लागि आवश्यक जानकारी एवं प्रक्रियाहरु

माथि शिर्षक १ देखि ५ सम्म व्याख्या गरिएका प्रक्रिया एवं सूचनाहरु सबै खाले विपद् घटनाहरुको पूर्वअभ्यासका लागि उत्तिकै उपयोगी हुन्छन् । माथिकै प्रक्रिया एवं सूचनालाई प्रयोग गरी भूकम्पीय पूर्व-अभ्यास सञ्चालनका लागि आवश्यक जानकारी एवं सूचनाहरु यस शीर्षकमा दिइएका छन् ।

**अभ्यास चरण १:भुईंचालोको संकेत**

- संकेत घण्टी १ः १ मिनेटसम्म निर्धारित संकेत बजाउने
- साइरन/घण्टीले भूकम्प गएको अथवा भुईंको हल्लाई भन्ने जनाउँदछ । यो सूचकले सबैलाई सचेत गराउँदछ ।

**अभ्यास चरण २ः जवाफी कार्य**

- सबैले गर्नुपर्ने कार्यः

  आ-आफ्नो नजिकमा रहेको सुरक्षित स्थानमा घुँडा टेकी, गुँडुल्की, ओत लागी समात (Drop, Cover and Hold) गर्ने ।
- लाग्ने अनुमानित समय १ मिनेट

**अभ्यास चरण ३ः स्थानान्तरण**

- स्थानान्तरणको संकेत (संकेत घण्टी २)ः १ मिनेट सम्म निर्धारित संकेत बजाउने
- सबैले गर्नुपर्ने कार्य

  घण्टी सुन्नासाथ

  - सुरक्षितस्थानबाट उठी आ-आफ्नो टाउकोलाई हत्केला, पुस्तक वा झोलाले छोपेर जोगाउँदै निर्धारित सुरक्षित बाटो हुँदै सकेसम्म छिटो पूर्व निर्धारित खुला ठाउँमा स्थानान्तरण हुने ।
  - कक्षाको शिक्षक तथा मनिटरले अरु विद्यार्थीलाई सुरक्षित स्थानान्तरणमा मद्दत गर्ने ।

- स्थानान्तरण हुँदै गर्दा विद्यार्थीहरु बाहिर निस्किसकेपछि पूर्व-अभ्यास संयोजन टोलीले परिदृश्य अनुसार परिस्थिति सृजना गर्ने ।

- लाग्ने अनुमानित समयः२ मिनेट भित्र स्थानान्तरण गर्नुपर्दछ ।

**अभ्यास चरण ४:भेला गर्ने (एसेम्बली)**

- भेला हुने निर्धारित स्थानमा भेला भई आ-आफ्नो कक्षाको लागि तोकिएको स्थानमा लामबद्ध हुने ।

**अभ्यास चरण ५: गन्ती गर्ने**

- कक्षा शिक्षकहरुले विद्यार्थीको गन्ती गर्ने । गन्तीबाट आएको संख्या र कोही हराइरहेको भएमा सोको रिपोर्टिङ् विद्यालय प्रमुखलाई दिने ।
- लाग्ने अनुमानित समयः १० मिनेट

**अभ्यास चरण ६:भवनको क्षति मूल्याङ्कन**

- क्षति मूल्याङ्कन टोलीले पहिले भवन बाहिरबाट र त्यसपछि भवन भित्र गई त्यसमा भएको क्षति हेरि भवन भित्र जान सुरक्षित छ कि छैन हेर्ने र त्यसको जानकारी दिने गर्नुपर्दछ ।
- लाग्ने अनुमानित समयः १० मिनेट

**अभ्यास चरण ७: खोज उद्दार**

विद्यालय विपद् पूर्वतयारी तथा प्रतिकार्य टोली प्रमुखको निर्देशनमा

- खोज तथा उद्धार टोलीले हराइरहेका व्यक्तिको खोजी तथा उद्धार कार्य गर्ने ।
- लाग्ने अनुमानित समयः १० मिनेट

**अभ्यास चरण ८: प्राथमिक उपचार**

- प्राथमिक उपचार टोलीले उद्धारबाट ल्याइएका घाइतेहरुको प्राथमिक उपचार गर्ने ।
- सूचना संकलन तथा सम्पर्क टोलीले अन्य टोलीहरुसँग समन्वय गरी सम्पूर्ण सूचना संकलन गर्ने र भूआपत्कालिन संयोजन टोलीलाई रिर्पोटिङ्ग गर्ने ।

- अन्य सम्पूर्ण विद्यार्थी, शिक्षक एवं कर्मचारीहरु धैर्यतापूर्वक आ-आफ्नो स्थानमा बस्ने ।
- प्राथमिक उपचार भन्दा पछाडिको प्रतिकार्यहरु जस्तैः विद्यार्थीका अभिभावकहरुसँग सम्पर्क गर्ने, विद्यार्थी अभिभावकहरुलाई जिम्मा लगाउने, घाइतेहरु अस्पताल लैजाने, आवास तथा खानपानको बन्दोबस्त गर्ने इत्यादि सम्मको पूर्व-अभ्यास पनि गर्न सकिन्छ । तर पूर्वतयारीको प्रारम्भिक अवस्थामा माथि दिइएका प्रतिकार्यहरु सम्मको पूर्व-अभ्यास मात्र गर्दा सजिलो र प्रभावकारी हुन्छ । अनुभव प्राप्त हुँदै गएपछि अन्य प्रतिकार्यहरुको पूर्व-अभ्यासलाई पनि थप्दै जान सकिन्छ ।
- लाग्ने अनुमानित समयः २०-३० मिनेट वा आवश्यकता अनुसार ।

**अभ्यास चरण ९ः समापन तथा मूल्याङ्कन**


- हराइरहेका सम्पूर्ण व्यक्तिहरुको खोजी र उद्धार कार्य, प्राथमिक उपचार कार्य, र सूचनाहरुको संकलन तथा प्रसारण कार्य सम्पन्न भईसकेपछि पूर्व-अभ्यास समाप्तिको घोषणा गर्ने ।
- प्रधानाध्यापक वा खटाइएको व्यक्तिले सबैलाई धन्यवाद दिने ।
- प्रतिकार्यका लागि प्रयोग गरिएका सम्पूर्ण सामग्रीहरु यथास्थानमा राख्ने ।
- कक्षा-कक्षामा कक्षा शिक्षकहरुले मूल्यांकन कार्य गराउने ।
- बैठक कक्षामा वा कार्यालयमा सम्पूर्ण शिक्षक, कर्मचारी र प्रतिनिधि ठूला विद्यार्थीहरु भेला भई अभ्यासको मूल्यांकन गर्ने ।
- लाग्ने अनुमानित समय
  - कक्षा-कक्षाको समापन तथा मूल्यांकन : २५-३५ मिनेट
  - एकीकृत मूल्यांकन ३०-४० मिनेट

समग्रमा पूर्व-अभ्यास गर्न लाग्ने जम्मा समयः- लगभग २ घण्टा

अभ्यासको समाप्ति पछि पूर्व-अभ्यास संयोजन टोलीले पूर्व-अभ्यास योजना तालिकामा अभ्यासको बारे संक्षिप्त जानकारी (अनुसूची १६ मा दिइए अनुसार) नोट गरी रेकर्ड राख्नुपर्छ ।

# अनुसूची

## अनूसुची १: सुरक्षित स्थानको पहिचान



# अनूसुची २: गैरसंरचनात्मक जोखिमको मूल्याङ्कन फाराम


विद्यालय.................................................... कक्षा..........................

| सि.नं | प्रश्न | उत्तर | |
|---|---|---|---|
| | | छ | छैन |
| १ | र्‍याक,दराज, फाईल क्याविनेट आदि सामग्रीहरुलाई भित्तामा "एल ब्राकेट" वा अन्य तवरले नढल्ने गरी ठोकेर राखिएको छ ? | | |
| २ | के गह्रौं र खस्न सक्ने सामानहरुलाई तल्लो खण्डमा राखिएको छ ? | | |
| ३ | के भित्तामा झुण्ड्याइएका घडी, फोटोका फ्रेमहरुलाई नखस्ने गरी राम्रोसँग राखिएको छ ? | | |
| ४ | के सिलिङ्ग पंखालाई नखस्ने गरी राम्रोसँग राखिएको छ ? | | |
| ५ | के विरुवा राख्ने गमलाहरुलाई नखस्ने गरी राम्रोसँग बाँधेर राखिएको छ ? | | |
| ६ | के खतराजन्य पोखिन सक्ने रासायनिक पदार्थलाई सुरक्षित तवरले भण्डारण गरिएको छ ? | | |
| ७ | के रासायनिक पदार्थहरु भण्डारण गरिएको ठाउँमा पर्याप्त हावा पुग्छ ? | | |
| ८ | के ठूला ऐना भएका झ्यालहरुमा प्लास्टिक लेमिनेशन गरिएको छ ? | | |
| ९ | के बाहिर निस्कने द्वार वरिपरि खस्न सक्ने वस्तु छ भने बाटो थुनिन नदिन बाँधेर राखिएको छ ? | | |
| १० | के कम्प्युटर जस्ता इलेक्ट्रोनिक्स सामानलाई नखस्ने गरी राम्रोसँग राखिएको छ ? | | |


तयार गर्ने................................. मिति.................................

## अनूसुची ३: स्थानान्तरण नक्शाका नमूनाहरु

(क) विद्यालयमा अवस्थित स्थानान्तरण योजना



(ख) स्थानान्तरण गर्ने सुरक्षित बाटो (Safe Evacuation Route) को नमूना



## अनूसुची ४: शिक्षक, कर्मचारीहरुको घरको वा अन्य आपत्कालीन सम्पर्क व्यक्तिहरुको विस्तृत विवरण फाराम

| क्र.सं. | शिक्षाक, कर्मचारीको नाम | पद | घर वा आपत्कालिन सम्पर्क व्यक्ति | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | | | | |

(क) विद्यार्थी, शिक्षक, कर्मचारीहरुको दैनिक उपस्थिति तालिका (रजिष्टरमा राख्ने)

| विद्यार्थी | | जम्मा संख्या | जम्मा उपस्थित संख्या | | | | | | | | | | | | | | | | | | | | | | | महीना: | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | सेक्शन | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| शिक्षक | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कर्मचारी | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| अन्य पाहुना | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

(ख) विद्यार्थी, शिक्षक, कर्मचारीहरुको दैनिक उपस्थिति तालिका (कालो पाटीमा सबैले देख्ने गरी राख्ने)

मिति: ..................................................................................................................

| विद्यार्थी | | जम्मा संख्या | उपस्थित संख्या |
|---|---|---|---|
| कक्षा | सेक्शन | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| शिक्षक | | | |
| कर्मचारी | | | |
| अन्य पाहुना | | | |
| जम्मा | | | |

(ग) विद्यार्थी, शिक्षक, कर्मचारीहरुको अवस्था अद्यावधिक राख्ने फाराम

मिति: ..................................................

| विद्यार्थी | | जम्मा उपस्थित संख्या | स्थानान्तरण पछि गणना गर्दाको जम्मा संख्या | खोज तथा उद्धार पछिको अवस्था | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | सेक्शन | | | हराइरहेको संख्या | भेटिएको संख्या | सामान्य (Normal) | सामान्य घाइते (Minor Injury) | सख्त घाइते (Moderate Injury) | गम्भीर घाइते (Serious Injury) | मृत (Dead) |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| शिक्षक | | | | | | | | | | |
| कर्मचारी | | | | | | | | | | |
| अन्य पाहुना | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

# अनूसुची ५: सम्पर्क व्यक्तिहरुको नामावली

(क) कक्षा शिक्षकहरुको नामावली

| कक्षा | कक्षा शिक्षकको नाम | वैकल्पिक शिक्षकको नाम | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |

(ख) कक्षा मनिटरहरुको नामावली

| कक्षा | कक्षा मनिटरको नाम | वैकल्पिक मनिटरको नाम | कैफियत |
| --- | --- | --- | --- |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |

## अनूसुची ६: विद्यार्थीका अभिभावक एवं आपत्कालीन सम्पर्क व्यक्तिहरुको विस्तृत विवरण फाराम

कक्षाः ..........................................................................................................................

सेक्शनः ..........................................................................................................................

| क्र.सं. | विद्यार्थीको नाम | अभिभावकको नाम वा आपत्कालिन सम्पर्क व्यक्तिको नाम | ठेगाना | टेलिफोन | अभिभावकसँग तत्काल सम्पर्क हुन नसक्ने विद्यार्थीको हकमा नजिक घर भएको ठूलो कक्षाको विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | कक्षा | रोल नं. | विद्यार्थीको नाम |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनूसुची ७: विभिन्न संघ संस्थाहरुको सम्पर्क विवरण

| क्र. सं. | संस्थाको नाम | उपयुक्त सम्पर्क व्यक्तिको नाम | पद | सम्पर्क नम्बरहरु |
|---|---|---|---|---|
| | | | | |

## अनूसुची ८: आपत्कालीन सम्पर्क नम्बरहरु

टेलिफोन सञ्चार अभिलेख

विद्यालय....................................................................................................

| मिति | समय | | सूचना | सूचना दिएको व्यक्ति/संस्थाको नाम र टेलिफोन नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| | शुरु | अन्त | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# अनूसुची ९: अभिभावकलाई विद्यार्थी जिम्मा लगाइएको अभिलेख

कक्षाः ...........................................................................................................

सेक्सनः ...........................................................................................................

| क्र.सं. | विद्यार्थीको नाम | विद्यार्थीको अवस्था | जिम्मा दिने अभिभावक/ व्यक्तिको नाम | सम्पर्क नम्बर | विद्यार्थी जिम्मा लगाइएको समय | जिम्मा लिने व्यक्तिको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## अनूसुची १०: संकटकालीन अभ्यास तालिका

**फारम** २.

## विपद् अभ्यास तालिका (Disaster Drill Schedule and Record)

विद्यालय.....................................................

ठेगाना:.........................................

| अभ्यास गर्ने अनुमानित मिति | अभ्यास गरेको मिति | सहभागी विद्यार्थी संख्या | रेकर्ड राख्नेको नाम तथा हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(क) संकटकालीन कार्य सञ्चालन टोली (Emergency Operations Center Team)

नेतृत्व ......................................... वैकल्पिक नेतृत्व ..................................

सदस्यहरु

१. ..................................................वैकल्पिक...........................

२. ..................................................वैकल्पिक...........................

३. ..................................................वैकल्पिक...........................

स्थानः .....................................................

कार्यहरु

१. सङ्कटकालीन अवस्थामा विद्यालय खालि गर्ने, पुनः कक्षा सञ्चालन गर्ने सन्दर्भमा विद्यार्थीहरुको हितलाई ध्यानमा राखेर उपयुक्त कार्य गर्ने ।

२. सङ्कटकालीन अवस्थामा शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुको दायित्त्व तोक्ने ।

३. विद्यालयमा आवश्यकता अनुसार पूर्व-अभ्यास सञ्चालन गर्ने ।

४. घाइते तथा हराएका विद्यार्थी र कर्मचारीहरु, विद्यालय भवनको क्षतिको मूल्याङ्कन ईत्यादिको सूचना सङ्कलन गरि सम्बन्धित कार्यदल समक्ष पुर्‍याउने ।

५. वाह्य सहायताको खोजी गरी सम्बन्धित निकाय समक्ष अनुरोध गर्ने ।

६. सङ्कटकालीन अवस्थामा गरिने सम्पूर्ण क्रियाकलापमा समग्र रुपमा निर्देशन तथा समन्वय गर्ने ।

(ख) प्राथमिक उपचार टोली (First Aid Team)

नेतृत्व ........................................ वैकल्पिक नेतृत्व ......................................

सदस्यहरु

१. ................................................. वैकल्पिक .................................

२. ................................................. वैकल्पिक .................................

३. .................................................. वैकल्पिक ................................

स्थान:.....................................................

कार्यहरु

१. आवश्यक औषधोपचारको मागको निमित्त सङ्कटकालीन कार्य सञ्चालन केन्द्रसँग सम्पर्क गर्ने ।

२. प्राथमिक उपचार क्षेत्र स्थापना गरी आवश्यक औषधोपचार सामग्रीहरुको पूर्ति गर्ने ।

३. घाइतेहरुको मूल्याङ्कन गरी प्राथमिक उपचार गर्ने ।

४. चिकित्सक सहयोगको लागि दक्ष जनशक्ति चाहिएमा कार्य सञ्चालन केन्द्रसँग सम्पर्क गर्ने ।

५. घाइतेहरुको नाम, ठेगाना, चोटको प्रकार र उपचारको किसिम ईत्यादि उल्लेख हुने गरी वर्गिकरण गर्ने ।

६. घाइते व्यक्तिहरुको सूचना सङ्कलन गर्न बनाएको फारम भर्ने ।

(ग) खोज तथा उद्धार टोली (Light Search and Rescue Team)

नेतृत्व...................................... वैकल्पिक नेतृत्व ......................................

सदस्यहरु

१.................................................. वैकल्पिक .................................

२.................................................. वैकल्पिक .................................

३.................................................. वैकल्पिक ................................

स्थान:......................................................

कार्यहरु (यी कार्यहरु कमसेकम दुई जना व्यक्ति मिलेर गर्नुपर्दछ ।)

१. आफूसँग उपयुक्त उपकरण छ/छैन सो बारेमा विश्वस्त हुने ।

२. विद्यालयको भवनको बाहिरी नीरिक्षण गर्ने ।

३. विद्यालयको भवनको अवस्था कस्तो छ सो को जाँच गर्ने ।

४. कार्य सञ्चालनको लागि प्रक्रियाहरुको चयन गर्ने ।

५. भित्र जानको लागि सुरक्षित द्वारको चयन गर्ने ।

६. विद्यालयको भवन भित्रको खोजी

- भित्र जाने मूल द्वारमा सङ्केत चिन्ह "/" लगाउने ।
- भित्र जानु भन्दा पहिले सर्सर्ती भित्रको अवस्थाको अवलोकन गर्ने र खतरा छैन भने मात्र भित्र जाने ।
- भित्र गएपछि आवाज दिने र उत्तरको प्रतिक्षा गर्ने ।
- पहिला सम्भव भएसम्म पुरिएका तथा च्यापिएका पिडितहरुको उद्धार गर्ने र
- बाहिर निस्केपछि अघि "/" सङ्केत चिन्ह लगाएको ठाउँमा "X" सङ्केत चिन्ह हुने गरेर पूनः चिन्ह लगाउने र ढोकामा उपयुक्त सूचना लेख्ने
- कार्यसम्पादन भएपछि फेरि कोहि भित्र जान नदिन भवनलाई सुरक्षित गर्ने ।
- नेतृत्व समक्ष विद्यमान परिस्थिति तथा अवस्थाको जानकारी गराउने ।

## अनूसुची ११: संकटकालीन प्रतिकार्य फोटो चित्र



घुँडा टेकेर घोप्टिई गुँडुल्किएर टाउको जोगाउँदै



घुँडा टेकेर घोप्टिई गुँडुल्किएर टाउको जोगाउँदै ओतलागी ओत समात्दै



विद्यार्थीहरु सुरक्षित स्थान तर्फ जान विद्यालय भवनबाट बाहिरिंदै ।



कक्षागतरुपमा लाइन लगाइ गन्ती र हाजिरी रुजु गर्दै




तालिम प्राप्त विद्यार्थीहरुद्वारा उद्धार गरिंदै



तालिम प्राप्त विद्यार्थीहरुद्वारा प्राथमिक उपचार गरिंदै

# अनूसुची १२: घाइते तथा हराएका व्यक्तिहरुको सूचीकरण

शिक्षकको नाम...................................................मिति......................

विद्यालय........................................................................कक्षा.......

घाइतेहरु

| नाम | चोटको प्रकार | स्थान |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

हराइरहेका व्यक्तिहरु

| नाम | सम्भावित स्थान |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

## अनूसुची १३: नजिक वा छिमेकमा भएका श्रोत साधनको अभिलेख फाराम

विद्यालय........................................................................................................

विद्यालय वर्ष.............................................................................................

| श्रोत तथा साधन | श्रोत तथा साधनको धनी | फोन नम्बर |
|---|---|---|
| अग्नि | | |
| | | |
| यातायात | | |
| | | |
| सञ्चार | | |
| | | |
| खोजी/उद्धार | | |
| | | |
| चिकित्सा सेवा | | |
| | | |
| विद्यालयमा विद्यार्थीहरुको हेरचाह | | |
| | | |
| खानाको तयारी | | |
| | | |
| इञ्जिनियरिङ्ग/संरचनात्मक सुरक्षा | | |
| | | |

# अनूसुची १४: कर्मचारीको विशेष दक्षता तथा उपकरणहरु

विद्यालय...................................................................................................

विद्यालय वर्ष.............................................................................................

| अनुभव/उपकरण | कर्मचारीको नाम |
|---|---|
| चिकित्सा/प्राथमिक उपचार | |
| | |
| खोजी/उद्धार | |
| | |
| अग्नि नियन्त्रण | |
| | |
| सञ्चारका साधन (उल्लेख गर्नु होस्) | |
| | |
| सङ्कटकालीन सवारीका साधनहरु तथा उपकरण | |
| | |

## अनूसुची १५: विद्यार्थीलाई अभिभावकको जिम्मा लगाइएको अभिलेख फाराम

विद्यालय.......................................................................................................

मिति.......................................

| आएको समय | विद्यार्थीको नाम | अवस्था | गएको समय | अभिभावकको नाम | अभिभावकको फोन नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनूसुची १६: विपद् पूर्वतयारी अभ्यास कार्यतालिका

## विपद् अभ्यास तालिका र अभिलेख (Disaster Drill Schedule and Record)

विद्यालय.....................................................

ठेगाना:.........................................

| अभ्यास गर्ने अनुमानित मिति | अभ्यास गरेको मिति | सहभागी विद्यार्थी संख्या | रेकर्ड राख्नेको नाम तथा हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

नेपाल रेडक्रस सोसाइटी

NSET

नेपाल रेडक्रस सोसाइटी
**Nepal Red Cross Society**

पो.ब.नं. २१७, रेडक्रस मार्ग, कालिमाटी, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ४२७०६५०, ४२७०७६१, ४२७२७६१,
फ्याक्स नं.: (९७७-१) ४२७१९१५,
इ-मेलः nrcs@nrcs.org, वेब साइटः www.nrcs.org

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल
National Society for Earthquake Technology-Nepal (NSET)

सैंबु गा.वि.स. वडा नं. ४, भैंसेपाटी आवास क्षेत्र, ललितपुर,
पो.ब.नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२,
इ-मेलः nset@nset.org.np, वेब साइटः www.nset.org.np